(कार्यालय प्रयोजनको लागि मात्र)

भन्सार मूल्याङ्कन निर्देशिका, २०७९

प्रकाशक

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. ०१-५९१७१२४

इमेलः valuation@customs.gov.np

वेबसाइटः www.customs.gov.np

(कार्यालय प्रयोजनको लागि मात्र)

भन्सार मूल्याङ्कन निर्देशिका, २०७९

प्रकाशक

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. ०१-५९१७१२४

इमेलः valuation@customs.gov.np

वेबसाइटः www.customs.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:-
च.नं.:-

प्राक्कथन

भन्सार प्रशासनले सम्पादन गर्ने कार्यहरु मालवस्तुको जाँचपास, वर्गीकरण तथा मूल्य निर्धारणलाई यथार्थपरक, पारदर्शी र सूचना प्रविधिमा आधारित गर्दै लैजानुपर्ने वर्तमान आवश्यकताको विश्लेषण गरी विगत लामो समय देखि प्रचलनमा रहेको भन्सार मूल्याङ्कन निर्देशिका, २०६८ लाई खारेज गरी भन्सार मूल्याङ्कन निर्देशिका, २०७९ मिति २०७९/०३/०५ मा विभागबाट स्वीकृत भएको छ ।

भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४ र सालवसाली रूपमा जारी हुने आर्थिक ऐन मार्फत भएका नविनतम व्यवस्थाहरुलाई समेत समेटी तयार गरिएको निर्देशिकाले कार्यालयहरुको कार्य प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई एकरुपता गर्दै लैजान र कार्य सम्पादन गर्ने जनशक्तिलाई समेत मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा आवश्यक पर्ने कानूनी व्यवस्था, राजस्व असूलीमा अपनाउनु पर्ने सावधानी लगायतका विषयहरुलाई सुनिश्चित गर्दै सेवाग्राही मैत्री राजस्व प्रशासनको भूमिकालाई थप प्रभावकारी बनाउन भन्सार मूल्याङ्कन निर्देशिका, २०७९ ले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेको छु ।

यो निर्देशिका तयारीको क्रममा उपमहानिर्देशक श्री आनन्द काफ्लेको संयोजकत्वमा गठन भएको कार्यदलका सदस्यहरु तथा भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखामा कार्यरत कर्मचारी र राय सुझाव र सल्लाह दिई सहयोग गर्नुहुने अन्य संलग्न सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

कमलप्रसाद भट्टराई
(महानिर्देशक)

असार, २०७९

टेलिफोन नं.: ९७७-१-४११७२२३, ४११७२३१, ४११७२२९, ४११७२२७, ४११७२२१, ४११७२२४, ४११७२२०
फ्याक्स नं.: ९७७-१-४११७२१८, एक्सचेन्ज नं.: ४११७२२२, टोल फ्रि नं.: १६६००१२१२२३
इमेल : npdochq@customs.gov.np, it@customs.gov.np वेभसाइट : www.customs.gov.np

विषयसूची

परिच्छेद	विषय	पेज नं
१	प्रारम्भिक	१
२	मालवस्तुको मूल्य घोषणा	४
३	घोषित मूल्यको जाँच	७
४	मूल्य निर्धारण सम्बन्धी व्यवस्था	१२
५	मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था	७२
६	न्यून बीजकीकरणको सामान खरीद सम्बन्धी व्यवस्था	८०
७	मूल्याङ्कन पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था	८२
८	मूल्य सम्बन्धी सूचनाहरूको उपयोग	८४
९	विविध	८६
	अनुसूची	

विभागबाट स्वीकृत मितिः २०७९/०३/०५

भन्सार मूल्याङ्कन निर्देशिका, २०७९

भन्सार मूल्याङ्कनलाई यथार्थपरक, पारदर्शी, सहज र सरल एवम् सूचना प्रविधिमा आधारित बनाई वैध व्यापारलाई सहजीकरण गर्दै करको आधार फराकिलो पार्न तथा राष्ट्रिय लेखामा व्यापार तथ्याङ्कको लेखाङ्कनलाई तथ्यपरक, पहुँचयोग्य र विश्लेषण गर्न सक्ने बनाई राजस्व जोखिम न्यूनिकरण गर्न भन्सार ऐन, २०६४ को दफा ९३ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी भन्सार विभागले यो निर्देशिका बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः–

(१) यो निर्देशिकाको नाम "भन्सार मूल्याङ्कन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका भन्सार विभागबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आन्तरिक लेखा परीक्षण" भन्नाले कार्यालयले मालवस्तु जाँचपास गरेपछि प्रज्ञापनपत्रहरूको आन्तरिक चेक जाँच गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ ।

(ग) “कारोबार मूल्य” भन्नाले ऐनको दफा २ को खण्ड (ख) बमोजिमको मूल्य सम्झनु पर्छ ।

(घ) “कार्यालय” भन्नाले ऐनको दफा २ को खण्ड (न) बमोजिमको “भन्सार कार्यालय” सम्झनु पर्छ ।

(ङ) “घोषणाकर्ता” भन्नाले मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्ति वा भन्सार एजेन्ट वा निजको प्रतिनिधि वा भन्सार सम्बन्धी कामकाज गर्न अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(च) “घोषित मूल्यको जाँच” भन्नाले खण्ड (झ) बमोजिम घोषणाकर्ताले घोषणा गरेको मूल्य वास्तविक कारोबार मूल्य हो वा होईन भनी जाँच गर्ने कार्य सम्झनु पर्छ ।

(छ) “नियमावली” भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्छ।

(ज) “नेपाल भन्सार स्वचालन प्रणाली (NECAS)” भन्नाले आशिकुडा वर्ल्ड प्रणालीलाई सम्झनु पर्छ ।

(झ) “मूल्य घोषणा” भन्नाले ऐनको दफा १३ र दफा १६ को प्रयोजनका लागि घोषणाकर्ताले मूल्याङ्कन पृष्ठ (Valuation Page) भरी भन्सार अधिकृत समक्ष मूल्य निर्धारणको लागि पेश गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) “मूल्याङ्कन पृष्ठ (Valuation Page)” भन्नाले नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) भित्र रहेको विद्युतीय माध्यमबाट मूल्य घोषणा गर्ने पृष्ठलाई सम्झनु पर्छ ।

(ट) “मूल्याङ्कन” भन्नाले निकासी तथा पैठारी हुने मालवस्तुको ऐन बमोजिम भन्सार अधिकृतले मूल्य निर्धारण गर्ने कार्य सम्झनु पर्छ।

(ठ) “राहत सामग्री” भन्नाले विपदको अवस्थामा पीडितको उद्धार तथा राहतका लागि मानवीय सहायता स्वरूप पैठारी हुने नेपाल सरकारले तोके बमोजिमका मालवस्तु सम्झनु पर्छ ।

(ड) “सम्झौता” भन्नाले भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (ग्याट) को धारा ७ लाई कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौता (ग्याट १९९४) सम्झनु पर्छ ।

परिच्छेद -२

मालवस्तुको मूल्य घोषणा

३. मूल्य घोषणा सम्बन्धी व्यवस्थाः– (१) पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको मूल्य मूल्याङ्कन पृष्ठ (Valuation Page) मा ऐनको दफा १३ को उपदफा (३) बमोजिम देहायमा उल्लिखित विवरण प्रविष्टी गरी विद्युतीय माध्यमबाट घोषणा गर्नु पर्नेछ ।

(क) पैठारीकर्ताको नाम, ठेगाना र निकासी वा पैठारी संकेत नम्बर (EXIM Code),

(ख) आपूर्तिकर्ताको नाम र ठेगाना,

(ग) मालवस्तुको नाम (व्यापारिक नाम समेत), परिमाण, नाप, आकार, तौल, मोडेल, ब्राण्ड, डिजाइन, स्पेसिफिकेशन, Tariff Specification Code समेत

(घ) बिक्री प्रतिनिधि भएमा निजको नाम र ठेगाना,

(ङ) मालवस्तु उत्पादन गर्ने मुलुकको नाम,

(च) सामान चलान गरेको बन्दरगाह,

(छ) बिल अफ लेडिङ्ग वा एअरवे बिल (Airway Bill) वा स्थलमार्गको ढुवानी बिल नं. र मिति,

(ज) खरीद बिक्री सम्बन्धी मिति खुलेको करार पत्र,

(झ) कारोबारको प्रकृति (बिक्री, स्थानान्तरण, उपहार, नमूना आदि)

(ञ) प्रोफर्मा इन्भ्वाइस, व्यापारिक इन्भ्वाइस नं. र मिति,

(ट) भुक्तानीका शर्त र भुक्तानीको तरिका,

(ठ) भुक्तानी गर्ने वा गरेको विदेशी मुद्रा र सोको सटही दर,

(ड) क्रेता र बिक्रेता बीचको सम्बन्ध (सम्झौताको धारा १५.४ मा उल्लेख भए अनुसार) भए नभएको,

(ढ) मालवस्तु बिक्री गर्न कुनै प्रतिबन्ध वा शर्त भए सो कुरा,

(ण) मूल्याङ्कनको विधि,

(त) बीजकमा उल्लेख नभएका समायोजन गर्नुपर्ने लागत (सम्झौताको धारा ८ अनुसार),

(थ) दलाली दस्तुर र कमिशन,

(द) प्याकिङ्ग खर्च,

(ध) सामान उत्पादनमा लाग्ने सहायक सामग्री पैठारीकर्ताले पठाएको भए सोको मूल्य,

(न) रोयल्टी र इजाजत दस्तुर,

(प) बिक्रीबाट आपूर्तिकर्ताले केही अंश पाउने भए सो विषय,

(फ) भाडा खर्च, कन्टेनरको भाडा समेत,

(ब) बीमा खर्च,

(भ) लोडिङ्ग अनलोडिङ्ग खर्च,

(म) अन्य खर्च,

(य) महसुल लाग्ने मूल्य (ने.रू.),

(र) क्रेता र बिक्रेताको सम्बन्ध र त्यसले मूल्यमा पार्ने प्रभाव,

(ल) मूल्याङ्कनका लागि अन्य सूचना भएमा त्यस्तो सूचना ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि कारोबारको प्रकृति, भुक्तानीका तरिका एवम् मालवस्तुको प्रकृतिका आधारमा घोषणा गरिएका मालवस्तुको मूल्याङ्कनमा असर नपर्ने देखिएमा उपदफा (१) मा उल्लिखित कुनै विवरण प्रस्तुत नभए पनि भन्सार अधिकृतले मूल्य निर्धारण गर्न सक्नेछ । तर, मूल्याङ्कन गर्नका लागि कुनै थप प्रमाण बुझ्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

परिच्छेद – ३

घोषित मूल्यको जाँच

४. **घोषित मूल्य परीक्षण गर्नुपर्नेः**– घोषणाकर्ताले दफा ३ बमोजिम मूल्य घोषणा गरेपछि भन्सार अधिकृतले देहायमा उल्लिखित विषयहरू परीक्षण गर्नुपर्नेछः

(क) बीजक अनुसार मूल्याङ्कन पृष्ठ (Valuation Page) मा बिक्रेताको नाम र ठेगाना मिलेको छ/छैन,

(ख) खरीदकर्ताको नाम र ठेगाना बिल बीजकमा भए बमोजिम उल्लेख गरेको छ/छैन,

(ग) बीजकको नम्बर र मिति सही घोषणा गरेको छ/छैन,

(घ) खरीद बिक्री करारको विवरण तथा नम्बर र मिति सही घोषणा भएको छ/छैन,

(ङ) प्रतीतपत्र लगायतका भुक्तानीका माध्यम र त्यसमा उल्लिखित शर्तहरू स्पष्ट रूपले उल्लेख छन्/छैनन्,

(च) ढुवानी खर्च र बीमा खर्च उल्लेख गरेकोमा सोलाई पुष्टि गर्ने प्रमाण संलग्न छन्/छैनन्,

(छ) बीजकमा उल्लेख भएका मालवस्तुको डेलिभरीका शर्तहरू घोषणामा उल्लेख गरिएको छ/छैन,

(ज) क्रेता र बिक्रेताका बीचमा सम्झौताको १५.४ मा उल्लेख भए अनुसारको सम्बन्ध छ छैन र सम्बन्ध भए त्यस्तो सम्बन्धले मूल्यमा असर पार्न सक्ने अवस्था छ/छैन,

(झ) मालवस्तुको उपयोग वा बिक्रीका सम्बन्धमा देहायका बाहेक अन्य शर्त वा प्रतिबन्ध छ/छैन :-

(१) प्रचलित नेपाल कानून बमोजिम लगाइएको प्रतिबन्ध,

(२) नेपालको कुनै भौगोलिक क्षेत्रमा मात्र बिक्री गर्न पाउने शर्त,

(३) मालवस्तुको मूल्यमा प्रभाव नपार्ने अन्य शर्त वा प्रतिबन्ध।

(ञ) बीजकमा उल्लेखित मूल्य अङ्क र अक्षरमा लेखिएको छ/छैन,

(ट) बीजकमा उल्लेखित मूल्य कुन मुद्रामा छ र सो मुद्रा मूल्य घोषणा गर्दा सही रूपमा उल्लेख गरेको छ/छैन ।

५. <u>घोषित मूल्यको जाँच तथा मूल्याङ्कन</u>:– (१) ऐनको दफा २० र २१ बमोजिम मालवस्तुको मूल्य जाँच तथा मूल्याङ्कन गर्दा भन्सार अधिकृतले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :

(क) `घोषणामा उल्लिखित मालवस्तुको मूल्य जाँच तथा छानविन गर्दा देहाय बमोजिमका विवरण समेत अध्ययन गरी छानविन गर्न सकिनेछः-

(१) वेबसाइट तथा इन्टरनेटबाट पाइने अन्तर्राष्ट्रिय बजारको मूल्यसूची,

(२) पत्रपत्रिका, बुलेटिन आदिमा प्रकाशित मूल्यसूची,

(३) विभागले संकलन गरी सम्प्रेषण गरेको मूल्य सम्बन्धी सूचना,

(४) पैठारीकर्ताले अधिकतम खुद्रा बिक्री मूल्य घोषणा तथा प्रकाशन गरेको भए त्यस्तो विवरण,

(५) समरुप तथा मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य विश्लेषणका लागि मूल्याङ्कन डाटाबेस (Valuation Database) बाट उपलब्ध भएसम्म पछिल्लो ९० दिनको मूल्य तथ्याङ्क,

(६) अन्तर्राष्ट्रिय भन्सार प्रशासनबाट प्राप्त सूचना,

(७) पैठारी भएको मालवस्तुको मूल्य प्रमाणित हुने अन्य कुनै आधार प्रमाण ।

(ख) घोषित मूल्य छानविन गर्दा पैठारीकर्ताले मूल्यमा समायोजन गर्नु पर्ने विषयमा सम्झौताको दफा ८ को उपदफा (३) बमोजिमका रकमहरू समायोजन गरेको छ/छैन हेर्नु पर्नेछ र सो रकम समायोजन गरेको भए पुष्टि गर्ने प्रमाण पेश गरे/नगरेको जाँच गर्नु पर्नेछ।

(ग) मूल्याङ्कन गरिने मालवस्तु पैठारी हुनुअघि ट्रान्जिटमा रहेको वा सो बापत कुनै रकम भुक्तानी गरेको रहेछ भने त्यस्ता सबै प्रकारका रकमहरू पैठारीकर्ताले उल्लेख गरेको छ वा छैन भन्ने कुरा निश्चित गर्नु पर्नेछ ।

(घ) मूल्याङ्कन गरिने मालवस्तुको घोषित मूल्यमा भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च समावेश गरेको छ छैन भन्ने कुरा निश्चित गर्नु पर्नेछ ।

(ङ) मालवस्तु मूल्याङ्कन गर्ने कार्यालयमा समरूपका मालवस्तु यसअघि पैठारी भएको रहेछ भने त्यस्तो मालवस्तुको भन्सार मूल्यसँग मूल्याङ्कन गरिने मालवस्तुको मूल्य मेल खान्छ/खाँदैन सो समेतको आधारमा घोषित मूल्यको जाँच तथा विश्लेषण गर्नु पर्नेछ ।

(च) मालवस्तु मूल्याङ्कन गर्ने कार्यालय बाहेक अन्य कार्यालयमा समरूपका मालवस्तु यसअघि पैठारी भएको रहेछ भने त्यस्तो मालवस्तुको भन्सार मूल्यसँग मूल्याङ्कन गरिने मालवस्तुको मूल्य मेल खान्छ/खाँदैन सो समेतका आधारमा घोषित मूल्यको जाँच तथा विश्लेषण गर्नु पर्नेछ ।

(छ) घोषित मूल्य जाँच तथा विश्लेषण गर्दा मूल्याङ्कन पुनरावलोकन समितिले समरूपका मालवस्तुको मूल्याङ्कन सम्बन्धमा पहिले गरेका निर्णयलाई पनि सूचनाको रूपमा प्रयोग गर्न सकिनेछ ।

(ज) घोषित मूल्य जाँच तथा विश्लेषण गर्दा समरूपका मालवस्तुका जाँचपास पछिको परीक्षणबाट निर्धारण गरिएको मूल्यलाई पनि सूचनाको रूपमा प्रयोग गर्न सकिनेछ ।

(झ) मूल्य विश्लेषण गर्ने क्रममा आफू समक्ष पेश भएका कागजातहरूबाट मात्र मूल्य निर्धारण गर्न पर्याप्त नभएको कुरामा भन्सार अधिकृत विश्वस्त भएमा पैठारीकर्ताबाट थप कागजात तथा विवरणहरू माग गर्न सकिनेछ।

सम्झौताको धारा १७ ले भन्सार अधिकृतलाई देहायको अधिकार प्रदान गरेको छ । "यस सम्झौतामा लेखिएका कुनै पनि कुरालाई भन्सार मूल्याङ्कन प्रयोजनका लागि प्रस्तुत गरिएका कुनै कथन, कागजात वा घोषणाको सत्यता वा शुद्धताका सम्बन्धमा स्वयम् सन्तुष्ट हुन पाउने भन्सार प्रशासनको अधिकारलाई बन्देज लगाउने गरी वा विवादमा ल्याउने गरी व्याख्या गरिने छैन ।"

६. **<u>कारोबार मूल्यमा समायोजन नहुने रकमहरू</u>**:– कारोबार मूल्यमा देहाय बमोजिमका रकम समावेश गर्नु हुँदैन:

(क) भूतप्रभावी (Retrospective) छुट बाहेकका विश्व भन्सार संगठनको मूल्याङ्कन सम्बन्धी प्राविधिक समितिले तोकेका सबै छुटहरू ।

(ख) व्यापारिक बीजकमा छुट्टै उल्लेख भएको भए देहाय बमोजिमका शुल्कहरू :-

(१) पछि भुक्तानी हुने रकमको ब्याज,

(२) पैठारीपछि गरिएको आन्तरिक ढुवानीको खर्च र

(३) पैठारी भएको देशमा भुक्तानी गरेको कर, महसुल र दस्तुरहरू ।

<u>स्पष्टीकरणः–</u>

भूतप्रभावी छुट भन्नाले बिक्रेताले खरीदकर्तालाई तिरेको वा तिर्नुपर्ने मूल्यमा विशेष कारण देखाई पछि दिएको छुट सम्झनु पर्छ । उदाहरणको लागि बिक्रेताले खरीदकर्तालाई १०० एकाई खरीदमा ५ प्रतिशत छुट दिई मूल्य कायम गरेकोमा शर्त अनुसार अर्को १०० एकाई खरीद गर्दा १० प्रतिशत छुट दिंदा पहिलो खरीदमा पनि १० प्रतिशत नै छुट दिएको देखाई दोस्रो खरीदमा ५ प्रतिशत छुट समायोजन गरी बिल बीजक बनेको छ भने पहिलो खरीदको १० प्रतिशत छुटलाई मान्यता नदिई अर्थात् पहिलो खरीदको थप ५ प्रतिशत छुटलाई समायोजन गरेको (घटाएको) रकमलाई मूल्याङ्कनको प्रयोजनका लागि मान्यता दिनु हुँदैन ।

परिच्छेद –४

मूल्य निर्धारण सम्बन्धी व्यवस्था

७. **पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने**:– ऐनको दफा १३ मा पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्व व्यापार संगठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariff and Trade) १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरू, अनुसूची र व्याख्या अवलम्बन गरिएको छ। देहायमा उल्लिखित मूल्याङ्कनका ६ वटा विधिहरूलाई क्रमबद्ध रूपमा प्रयोग गरी भन्सार मूल्य निर्धारण गर्नु पर्नेछ । यसरी मूल्य निर्धारणको निर्णय गर्दा भन्सार अधिकृतले एउटा विधिबाट अर्को विधिमा जाँदा आधार र कारण स्पष्ट रूपमा खुलाई घोषणाकर्तालाई समेत जानकारी गराउनु पर्नेछ।

(क) पैठारी गरिने मालवस्तुको भन्सार मूल्य कारोबार मूल्यको आधारमा गर्ने विधि (Transaction Value Method)

(ख) समरूपका मालवस्तुको कारोबार मूल्यको आधारमा मूल्याङ्कन गर्ने विधि (Transaction Value of Identical Goods Method)

(ग) मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा मूल्याङ्कन गर्ने विधि (Transaction Value of Similar Goods Method)

(घ) घटाउने प्रक्रिया अनुसार मूल्याङ्कन गर्ने विधि (Deductive Value Method)

(ङ) गणना प्रक्रिया अनुसार मूल्याङ्कन गर्ने विधि (Computed Value Method)

(च) मनासिव आधारमा मूल्याङ्कन गर्ने विधि (Fallback or Reasonable Means Method)

तर माथि उल्लेखित विधिहरूमध्ये खण्ड (घ) र (ङ) मा उल्लेखित विधिहरूको प्रयोग गर्ने क्रमबद्धता घोषणाकर्ताले भन्सार अधिकृतलाई जानकारी गराई छनौट गर्न सक्दछ । भन्सार मूल्य निर्धारण पर्चाको नमूना अनुसूची-१ बमोजिम हुनेछ ।

८. **<u>भन्सार मूल्य निर्धारण गर्दा मूल्याङ्कन पृष्ठ (Valuation Page) प्रयोग गर्न सकिने</u>:–** ऐनको दफा १३ बमोजिम कारोबार मूल्य निर्धारण गर्दा नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) को मूल्याङ्कन पृष्ठ (Valuation Page) प्रयोग गर्न सकिनेछ ।

९. **<u>कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्ने विधि</u>:–** (१) कारोबार मूल्य भनेको नेपालको पैठारीकर्ताले नेपाल राज्यभित्र मालवस्तु पैठारी गर्न विदेशको बिक्रेताबाट त्यस्तो मालवस्तु खरीद गर्दा वास्तवमा तिरेको वा तिर्नुपर्ने मूल्य हो।

ऐनको दफा २ को खण्ड (ख) मा कारोबार मूल्यको परिभाषा निम्न बमोजिम गरिएको छः "कारोबार मूल्य भन्नाले पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वास्तविक रूपमा भुक्तानी गरेको वा भुक्तानी गर्नुपर्ने रकममा त्यस्तो मालवस्तु नेपालको सीमासम्म ल्याउँदा लागेको वा लाग्न सक्ने भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च जोडी हुन आउने कुल रकम सम्झनुपर्छ ।"

तिरेको वा तिर्नुपर्ने वास्तविक मूल्य भन्नाले क्रेताले बिक्रेतालाई वा बिक्रेताको फाइदाको लागि पैठारी भएको मालवस्तु वापत तिरेको वा तिुर्नपर्ने कुल रकम भन्ने बुझिन्छ । यसरी भुक्तानी गर्दा नगदै स्थानान्तरण गरी भुक्तानी गर्नुपर्छ भन्ने छैन । प्रतीतपत्र वा विनिमय पत्रहरू (नेगोसिएबल इन्स्ट्रुमेन्ट) को माध्यमबाट पनि भुक्तानी हुन सक्दछ । भुक्तानी प्रत्यक्ष वा अप्रत्यक्ष पनि हुन सक्दछ । उदाहरणका लागि क्रेताले बिक्रेताको कुनै ऋणलाई पूर्ण वा आंशिक रूपमा तिर्नु पर्ने अप्रत्यक्ष भुक्तानी हो ।

कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्दा त्यस्तो मूल्यमा ऐनले तोकेका सम्बद्ध खर्चहरू समेत समायोजन गरेर भन्सार मूल्य कायम गर्नुपर्दछ ।

(२) कारोबार मूल्य पद्धति अनुसार पैठारीकर्ताले मूल्य घोषणा गर्दा तथा भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा सम्झौताको धारा १ मा उल्लेखित विधि र प्रक्रिया अनुशरण गर्नुपर्दछ ।

यस सम्बन्धमा सम्झौताको धारा १ मा उल्लेखित प्रावधान निम्न अनुसार रहेको छः

“१(१) पैठारी भएका मालवस्तुको भन्सार मूल्य कारोबार मूल्य हुनेछ, जुन मूल्य, सो मालवस्तुको लागि निकासीकर्ताले निकासी गर्नका लागि पैठारीकर्तालाई बिक्री गर्दा पैठारीकर्ताले तिरेको वा तिर्नुपर्ने मूल्यमा धारा ८ का प्रावधानहरू बमोजिम समायोजन गरिएको मूल्य हो । तरः

(क) देहाय बमोजिमका बन्देज बाहेक त्यस्ता मालवस्तुहरू क्रेतालाई बेचविखन वा प्रयोग गर्नमा कुनै बन्देज लगाइएको हुँनुहुदैन ।

(अ) पैठारी गरिएको देशको कानून बमोजिम लगाइएको वा सरकारी निकायले लगाएका वन्देजहरू,

(आ) कुनै भौगोलिक क्षेत्रमा मालवस्तु बिक्री गर्नको लागि लगाइएका वन्देजहरू, वा

(इ) मालवस्तुको मूल्यमा तात्विक असर नपार्ने प्रकृतिका वन्देजहरू ।

(ख) त्यस्तो बिक्री वा मूल्य मूल्याङ्कन गर्न लागिएको मालवस्तुको सम्बन्धमा मूल्य निर्धारण गर्न नसकिने कुनै शर्त वा प्रतिफलको अधिनमा हुनेछैन ।

(ग) बिक्रेताले पछि गरेको मालवस्तुको पुनर्विक्री वा वेचविखन वा प्रयोगबाट आर्जित रकमको कुनै पनि अंश धारा ८ का प्रावधानहरू बमोजिम उपयुक्त किसिमले समायोजन गर्न सकिने अवस्थामा वाहेक प्रत्यक्ष वा परोक्ष कुनै पनि किसिमले बिक्रेताले प्राप्त गर्ने छैन, र

(घ) कारोबार मूल्य क्रेता तथा बिक्रेता सम्बन्धित नभएकोमा अथवा क्रेता तथा बिक्रेता सम्बन्धित भएकोमा पनि अनुच्छेद २ को प्रावधानहरू अन्तर्गत भन्सार प्रयोजनका लागि स्वीकारयोग्य हुनेछन्।

१ (२) (क) कारोबार मूल्य अनुच्छेद १ को प्रयोजनको लागि स्वीकार्य छ वा छैन भन्ने कुरा निर्धारण गर्दा धारा १५ मा उल्लेख गरिए बमोजिम क्रेता तथा बिक्रेता सम्बन्धित भएको तथ्य स्वयं नै कारोबार मूल्यलाई अस्वीकार गर्ने आधार हुने छैन । यस्तो अवस्थामा त्यस्तो बिक्री परिस्थितिको जाँच गरिनेछ र त्यस्तो सम्बन्धले मूल्यमा प्रभाव नपारेको खण्डमा कारोबार मूल्यलाई स्वीकार गरिनेछ । पैठारीकर्ताले दिएको जानकारीको आधारमा वा अन्य कुनै आधारमा भन्सार प्रशासनले त्यस्तो आधारको जानकारी पैठारीकर्तालाई दिनेछ र निजलाई जवाफ दिनको लागि मनासिव माफिकको समय दिइनेछ । पैठारीकर्ताले त्यसरी अनुरोध गरेमा मूल्याङ्कनको आधारको जानकारी लिखित रूपमा दिनुपर्नेछ।

(ख) एक आपसमा सम्बन्धित व्यक्तिको बीचमा बिक्री भएकोमा यदि पैठारीकर्ताले त्यस्तो मूल्य देहायको अवस्थामा वा त्यस्तै समयमा भएको कुनै बिक्रीसँग ज्यादै निकट छ भन्ने कुरा देहायको प्रकरण १ का प्रावधानहरू बमोजिम कारोबार मूल्यलाई स्वीकार गरी मालवस्तुको मूल्याङ्कन गरिनेछः

(अ) सो बिक्रीको कारोबार मूल्य पैठारी गरिएको सोही देशमा समरूप वा उस्तै मालवस्तु निकासीको लागि असम्बन्धित

व्यक्तिलाई बिक्री गरिएकोमा,

(आ) समरूपका मालवस्तुको भन्सार मूल्य धारा ५ का प्रावधानहरू वमोजिम निर्धारण गरिएकोमा,

(इ) समरूप वा उस्तै मालवस्तुको भन्सार मूल्य धारा ६ का प्रावधानहरू वमोजिम निर्धारण गरिएकोमा ।

उल्लेखित परीक्षण लागू गर्दा व्यापारिक स्तर, परिमाणात्मक स्तर, धारा ८ मा उल्लेखित तत्वहरूमा देखाइएको भिन्नता र बिक्रेता तथा क्रेता सम्बन्धित नभएको बिक्रीमा बिक्रेताले गरेको खर्च र बिक्रेता र क्रेता सम्बन्धित भएकोमा बिक्रेताले नगरेको खर्चको भिन्नतालाई समुचित ध्यान दिइनेछ ।

(ग) अनुच्छेद २(ख) मा उल्लेखित परीक्षण पैठारीकर्ताका प्रस्ताव वमोजिम तुलनाको लागि मात्र गरिनु पर्दछ । अनुच्छेद २(ख) का प्रावधानहरू बमोजिम प्रतिस्थापन मूल्य स्थापित गर्न हुँदैन ।"

(३) भन्सार मूल्याङ्कनको प्राथमिक आधार ऐनको दफा १३ को उपदफा (२) वमोजिमको कारोबार मूल्य हो। कारोबार मूल्य लागू गर्ने सन्दर्भमा ऐनको दफा १३, सम्झौताको धारा १ तथा धारा ८ लाई साथसाथै अध्ययन गरी लागू गर्नु पर्दछ।

सम्झौताको धारा ८ देहाय बमोजिम छः

"८(१) धारा १ बमोजिम भन्सार मूल्य निर्धारण गर्दा पैठारी भएको मालवस्तुको लागि वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मोलमा देहायका कुराहरू थप गरिनेछः

(क) क्रेताले खर्च गरेको तर मालवस्तुको लागि वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा नपरेको अवस्थाका देहायका खर्चहरूः

(अ) खरीद कमिशन वाहेकका कमिशन र दलाली दस्तुर

(आ) कन्टेनरको खर्च जुन सम्बन्धित मालवस्तुसँग भन्सार प्रयोजनको लागि एउटै भएको मानिनेछ,

(इ) श्रम वा सामग्रीको लागि भएको प्याकिङ्ग खर्च ।

(ख) पैठारी भएको मालवस्तु आपूर्तिकर्ता देशबाट निर्यातको लागि उत्पादन तथा बिक्रीको सिलसिलामा प्रयोग गर्न क्रेताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निशुल्क वा घटी मोलमा उपलव्ध गराएको देहायका मालवस्तु तथा सेवाको उपयुक्त भनी छुट्याइएको मूल्य वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा नपरेकोमा,

(अ) पैठारी भएका मालवस्तुमा समावेश गरिएको सामग्री, सहायक सामग्री (कम्पोनेन्ट), पार्ट तथा त्यस्तै अन्य मालवस्तुहरू,

(आ) पैठारी भएको मालवस्तुको उत्पादनमा प्रयोग गरिएको औजार, डाइ,मोल्ड तथा त्यस्तै अन्य मालवस्तुहरू,

(इ) पैठारी भएको मालवस्तुको उत्पादनमा उपभोग गरेका

सामग्रीहरू, र

(ई) पैठारी भएको मालवस्तुको उत्पादनमा आवश्यक पैठारी गर्ने देशमा तयार गरेको वाहेक अन्यत्र गरिएका इन्जिनियरिङ्ग, विकास, कला, डिजाइन, योजना तथा नक्सा ।

(ग) मूल्याङ्कन गर्न लागिएको मालवस्तु बिक्रीको शर्तको रूपमा क्रेताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तिर्नुपर्ने तत्सम्बन्धी सलामी तथा इजाजत दस्तुरहरू वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा नपरेकोमा, र

(घ) बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त हुने पछिल्लो पुनः बिक्री रकमको अंशको मूल्य ।

८(२) कानून बनाउँदा प्रत्येक सदस्य राष्ट्रले देहायका खर्चहरूलाई पूर्ण वा आशिक रूपमा भन्सार मूल्यमा समावेश गर्ने वा भन्सार मूल्यबाट हटाउने गरी व्याख्या गर्नेछन्ः

(क) पैठारी भएको मालवस्तुलाई पैठारी वन्दरगाह वा निश्चित स्थानसम्म पुर्याउदा लाग्ने परिवहन खर्च,

(ख) पैठारी भएको मालवस्तुलाई पैठारी वन्दरगाह वा निश्चित स्थानसम्म पुर्याउदा कार्यसँग सम्बन्धित लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग शुल्कहरू तथा

(ग) बीमा खर्च

८(३) यस धारा अन्तर्गत वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा थप गर्ने कार्य मालवस्तुगत तथा गणना गर्न सकिने तथ्याङ्कको आधारमा मात्र गरिनेछ ।

८(४) यस धारामा लेखिएको अवस्थामा वाहेक भन्सार मूल्य निर्धारण गर्दा वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने मूल्यमा कुनै थप गरिनेछैन।"

(४) कारोबार मूल्य निर्धारण गर्नु अगाडि कारोबार मूल्यका देहाय बमोजिमका आधारभूत तत्वहरूको पहिचान गर्नु पर्नेछः

(क) पैठारी भएको मालवस्तुसँग मात्र सम्बन्धित भएको,

(ख) अनिवार्य रूपमा बिक्री भएको,

(ग) पैठारी गर्ने देश (नेपाल) मा निकासी गर्नका लागि बिक्री भएको,

(घ) दफा ८ को उपदफा (२) मा उधृत गरिएको सम्झौताको धारा १.१ को शर्तका अधिनमा रही बिक्री गरिएको,

(ङ) दफा ८ को उपदफा (३) बमोजिम समायोजन गरिएको ।

(५) "वास्तवमा तिरेको र तिर्नुपर्ने मूल्य" कारोबार मूल्यको महत्वपूर्ण अंश भएको हुँदा यसमा मालवस्तुको सम्पूर्ण मूल्य पर्दछ र भुक्तानी गरिसकेको तथा भुक्तानी गर्न वाँकी रकमलाई समेत समावेश गरी कारोबार मूल्य निर्धारण गर्नु पर्दछ।

"वास्तवमा तिरेको र तिर्नुपर्ने मूल्य" का सम्बन्धमा संझौताको धारा १ को टिप्पणी देहाय बमोजिम छः

"१. तिरेको वा तिर्नुपर्ने वास्तविक मूल्य भन्नाले क्रेताले बिक्रेतालाई वा बिक्रेताको फाइदाको लागि पैठारी भएको मालवस्तु वापत तिरेको वा तिर्नुपर्ने कुल रकम भन्ने वुझिन्छ । यसरी भुक्तानी गर्दा नगदै

स्थानान्तरण गरी भुक्तानी गर्नुपर्छ भन्ने छैन । प्रतीतपत्र वा विनिमय पत्रहरू (नेगोसियबल इन्स्ट्रुमेन्ट) को माध्यमबाट पनि भुक्तानी हुन सक्दछ । भुक्तानी प्रत्यक्ष वा अप्रत्यक्ष पनि हुन सक्दछ । उदाहरणका लागि क्रेताले बिक्रेताको कुनै ऋणलाई पूर्ण वा आंशिक रूपमा तिर्नु अप्रत्यक्ष भुक्तानी हो ।

२. दफा ८ को उपदफा (३) मा उल्लेख गरिए बमोजिम समायोजन गर्न सकिने वाहेकका अन्य अवस्थामा क्रेताले आफूखुशी गरेको क्रियाकलापलाई अप्रत्यक्ष रूपमा गरिएको भुक्तानी मान्न हुँदैन ।

३. देहायका शुल्क वा खर्चहरू पैठारी भएको मालवस्तुको लागि तिरेको वा तिर्नुपर्ने वास्तविक मूल्यहरूबाट भिन्न गरिएको खण्डमा भन्सार मूल्यमा समावेश हुँदैनन्:

(क) औद्यागिक यन्त्र, मेशिनरी वा उपकरण जस्ता पैठारी गरिएका मालवस्तुहरूका सम्बन्धमा पैठारी गरिएपछि भएका निर्माण, उठाउने कार्य, जोडजाड (एसेम्वलिङ्ग), मर्मत वा प्राविधिक सहयोगमा लगाइएका शुल्कहरू,

(ख) पैठारी गरिएपछि भएको परिवहन खर्च,

(ग) पैठारीकर्ता देशका महसुल तथा करहरू,

४. तिरेको वा तिर्नुपर्ने वास्तविक मूल्य भन्नाले पैठारी भएको मालवस्तुको मूल्यलाई जनाउँदछ । यसप्रकार क्रेताले बिक्रेतालाई पुऱ्याएको पैठारी गरिएको मालवस्तुसँग असम्बन्धित लाभ वा चुक्ता गरेको अन्य रकम भन्सार मूल्यको अङ्ग होइन ।"

(६) बिक्रेताले पैठारीकर्तालाई बिक्री गर्दा देहायका शर्तहरू राखेको पाइएमा त्यस्तो कारोबार मूल्यको घोषणालाई स्वीकार गर्नुहुँदैनः

(क) अरू मालवस्तु पनि कुनै खास परिमाणमा खरीद गर्नुपर्ने शर्त रहेको भएमा,

(ख) खरीदकर्ताले बिक्रेतालाई बेच्नुपर्ने अरू सामानको मूल्यसित मूल्याङ्कन गर्न लागिएको मालवस्तुको मूल्य निर्भर भएमा, र

(ग) पैठारी गरिएको मालवस्तुको भुक्तानी असामान्य किसिमले लिने गरी सहमती गरेको भएमा । जस्तै बिक्रेताले केही अर्धतयारी मालवस्तु बिक्री गरी सो मध्ये केही मालवस्तु तयार गरी भुक्तानीस्वरूप आफैलाई पठाउनु पर्ने शर्त राखेको अवस्था ।

(७) कुनै पैठारी भएको मालवस्तुको बिक्री वितरण वा खपतबाट प्रत्यक्ष वा परोक्ष लाभ निकासीकर्तालाई हुन्छ भने सो अवस्थामा जति रकम फाइदा पुगेको छ त्यति तिर्नुपर्ने वा तिरेको मूल्यमा समायोजन गरी कारोबार मूल्य कायम गर्नु पर्दछ।

(८) कारोबार मूल्य निर्धारण गर्दा खरीदकर्ता र बिक्रेता सम्बन्धित भए नभएको यकिन गर्नुपर्दछ । सम्बन्धित भएमा त्यस्तो सम्बन्धले मालवस्तुको मूल्यमा प्रभाव पारे नपारेको परीक्षण गर्नु पर्दछ ।

(९) सम्झौताको धारा १५.४ मा देहायका अवस्थामा मात्र व्यक्तिहरू एक आपसमा सम्बन्धित भएको मानिने व्यवस्था गरिएको छः

(क) यदि निजहरू एक अर्काको व्यवसायमा अधिकारी वा संचालक भएमा,

(ख) यदि निजहरू व्यवसायमा कानूनी मान्यता प्राप्त साझेदार भएमा,

(ग) यदि निजहरू रोजगारदाता तथा कर्मचारी भएमा,

(घ) कुनै व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व भएमा, नियन्त्रण रहेमा वा उल्लेखनीय मताधिकार (आउटस्टयाण्डिङ्ग भोटिङ्ग स्टक) वा शेयर वा दुवैमा ५ प्रतिशतभन्दा बढीको स्वामित्व रहेमा,

(ङ) दुईमध्ये एउटाले प्रत्यक्ष वा अपत्यक्ष रूपमा अर्कालाई नियन्त्रण गरेमा,

(च) ती दुबै कुनै तेस्रो व्यक्तिद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नियन्त्रित भएमा,

(छ) संयुक्त रूपमा ती दुबैले कुनै तेस्रो व्यक्तिलाई नियन्त्रण गरेमा, वा

(ज) निजहरू एकै परिवारका सदस्य भएमा ।

(१०) दफा ९ को उपदफा (९) को खण्ड (ज) को प्रयोजनका लागि प्रचलित नेपाल कानून बमोजिम एकै परिवारका सदस्य भन्नाले देहायका नाता सम्बन्ध भएका व्यक्तिहरू र तिनका एकाघरका सदस्यलाई सम्झनु पर्दछ:

(क) पति/पत्नी

(ख) बाबु, आमा र छोरा, छोरी

(ग) दिदी, बहिनी र दाजु, भाइ

(घ) बाजे, बज्यै र नाति, नातिनी

(ङ) काका, काकी र भतिजा, भतिजी

(च) ज्वाँई, भिनाजु र साला, जेठान, बुहारी

(छ) साली, जेठी सासु

(ज) जेठाजु, जेठानी, देवर, देउरानी, नन्द, नन्देभाइ , आमाजु

(झ) सासु, ससुरा

(ञ) मामा, माइजु र भाञ्जा, भाञ्जी

(ट) फुपू, फुपाजु र भदा, भदै ।

(११) खरीदकर्ता र बिक्रेता सम्बन्धित व्यक्ति भए पनि त्यस्तो सम्बन्धले वास्तवमा तिरेको वा तिर्नुपर्ने मूल्यमा कुनै प्रभाव पारेको छैन भन्ने तथ्य पैठारीकर्ताले स्थापित गरेमा र त्यो मूल्य परीक्षण मूल्यको हाराहारीमा भएमा त्यस्तो मूल्यलाई कारोबार मूल्य मान्न सकिन्छ ।

<u>स्पष्टीकरणः</u>–

यस दफाको लागि “परीक्षण मूल्य” भनेको समरूपका मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु असम्बन्धित व्यक्तिलाई पैठारी गरिएको देशमा बिक्री गरेको कारोबार मूल्य वा घटाएर निकालिएको वा गणना गरेर निकालिएको कारोबार मूल्य हो । यस्तो परीक्षण मूल्य पैठारीकताले आफ्नै अग्रसरतामा प्रस्तुत गर्नुपर्दछ र परीक्षण मूल्यले कारोबार मूल्यलाई प्रतिस्थापन गर्न हुँदैन ।

(१२) निकासी गर्ने देशमा रहेका बहुराष्ट्रिय कम्पनीहरूले पैठारी गर्ने देशमा रहेका आफ्ना शाखा वा भगिनी कम्पनीहरूमा मालवस्तु पठाएर मूल्य स्थानान्तरण गर्ने सम्भावना हुने भएकाले त्यस्तो कारोबार वास्तविक बिक्री हो होइन भन्ने विषयको परीक्षण गर्नुपर्दछ ।

यदि सो कारोबार बिक्री होइन रहेछ भने कारोबार मूल्य पद्धति अनुसार मूल्याङ्कन नगरी ऐनको दफा १३ बमोजिमका अन्य विधि अवलम्बन गरी मूल्याङ्कन गर्नुपर्दछ ।

(१३) उपदफा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो मूल्य स्थानान्तरण गर्दा वास्तविक कारोबारका आधारमा भएको वा बिक्री भए तापनि सो सम्बन्धले मूल्यमा असर पारेको छ वा छैन "परीक्षण मूल्य" का आधारमा विश्लेषण गरी त्यस्तो मूल्यलाई कारोबार मूल्य मान्न वा नमान्न सकिन्छ ।

१०. <u>कारोबार मूल्यमा समायोजन गर्नुपर्ने खर्चहरू</u>: –

(१) कारोबार मूल्यमा समावेश गर्नुपर्ने ढुवानी खर्चहरूमा मालवस्तु डेलीभरीका शर्त अनुसार निकासी गर्ने देशको निकासी बिन्दुसम्मका ढुवानी खर्चहरू र नेपालको सीमासम्मको ढुवानी खर्चहरू समावेश भएको नदेखिएमा त्यस्ता ढुवानी खर्चहरू समेत जोडी भन्सार मूल्य निर्धारण गर्नु पर्छ । यसरी ढुवानी खर्च जोड्नुपर्दा ढुवानी खर्च देखिने प्रष्ट प्रमाण कागजात प्रस्तुत नभएमा त्यस्ता खर्चहरू जोड्ने आधार महानिर्देशकले तोक्न सक्ने व्यवस्था ऐनको दफा १३ को उपदफा (५) मा रहेकोले सो बमोजिम महानिर्देशकले तोकेको आधार अनुसार त्यस्तो खर्च जोड्नु पर्नेछ ।

(२) कारोबार मूल्यमा समावेश गर्नुपर्ने खर्चमा ढुवानी गर्ने कन्टेनर सफा गर्दा लागेका खर्चहरू समेत पर्ने भएकाले यस्ता खर्चहरू नजोडिएको भए ढुवानी खर्चका रूपमा समायोजन गर्नुपर्दछ ।

(३) मालवस्तु उत्पादनकै क्रममा गरिने प्याकिङ्ग खर्चहरू बिक्री मूल्यमा समावेश हुने भए पनि त्यसपछि निकासी प्रयोजनका लागि गरिने अतिरिक्त प्याकिङ्ग खर्चहरू सामान्यतया बिक्री मूल्यमा समावेश गरिएको हुँदैन । यस्ता खर्चहरू समेत कारोबार मूल्यमा समावेश गर्नुपर्दछ ।

(४) कारोबार मूल्यमा समावेश गर्नुपर्ने बीमा गर्दा लागेका खर्चहरूमा मालवस्तु डेलीभरीका शर्त अनुसार निकासी गर्ने देशको निकासी बिन्दुसम्मका बीमा खर्चहरू र नेपालको सम्बन्धित कार्यालयसम्मका बीमा खर्चहरू समावेश भएको नदेखिएमा त्यस्ता बीमा खर्चहरू समेत जोडी भन्सार मूल्य निर्धारण गर्नु पर्दछ । यसरी बीमा खर्च जोड्नुपर्दा प्रिमियम भुक्तानी गरेको प्रमाण कागजात प्रस्तुत नभएमा त्यस्ता खर्चहरू जोड्ने आधार महानिर्देशकले तोक्न सक्ने व्यवस्था ऐनको दफा १३ को उपदफा (५) मा रहेकोले सो बमोजिम महानिर्देशकले तोकेको आधार अनुसार त्यस्तो खर्च जोड्नु पर्नेछ ।

(५) कुनै मालवस्तु खरीद गर्दा क्रेताले तिरेको कमिशन र दलाली दस्तुर कारोबार मूल्यमा समावेश गर्नुपर्दछ ।

<u>स्पष्टिकरण</u>ः–

निकासी गर्ने देशमा खरीदकर्ताको प्रतिनिधित्व गरेवापत एजेन्टलाई दिएको खरीद कमिशन र शुल्क (Fee) कारोबार मूल्यमा समावेश गर्नु हुँदैन । किनभने खरीदकर्ता आफैं गएको भए वा उसले आफ्नो कर्मचारी पठाएको भए खरीदकर्ताको खर्च हुन्थ्यो र त्यस्तो खर्च कारोबार मूल्यमा जोडिदैनथ्यो । एजेन्ट बिक्रेतातर्फको हो वा क्रेतातर्फको हो भन्ने कुरा

यकिन गर्नुपर्दछ । क्रेताको आधिकारिक एजेन्ट हो भने निजलाई दिएको दलाली कमिशन र शुल्क कारोबार मूल्यमा जोड्नु हुँदैन। बिक्रेताको एजेन्ट वा स्वतन्त्र एजेन्टको रूपमा मालवस्तुको स्वामित्वमा सरोकार भएको वा कारोबारमा नियन्त्रण राख्ने हैसियतको वा क्रेताले तिर्ने मूल्यमा नियन्त्रण राख्न सक्ने अवस्थाको एजेन्ट भएमा निजलाई क्रेताको एजेन्ट मान्न हुँदैन र निजलाई दिएको दलाली कमिशन र शुल्क कारोबार मूल्यमा जोड्नु पर्दछ । मध्यस्थकर्ता व्यक्तिले गरेको सेवाको स्वरूपका आधारमा निजलाई दिएको दलाली दस्तुर, कमिशन वा शुल्कको भुक्तानी रकम बीजकमा उल्लेख नहुने हुँदा कारोबार मूल्यमा समावेश गर्नुपर्दछ । साथै न्यून बीजकीकरण गर्नको लागि कारोबार मूल्यमा समावेश नहुने प्रकृतिका खरीद कमिशन बढी देखाउने संभावना हुने भएकाले यसतर्फ सतर्क रहनु पर्दछ ।

(६) पैठारीकर्ताले प्रत्यक्ष वा परोक्ष रूपमा विना मूल्यमा वा कम मूल्यमा पैठारी गरिने सामान उत्पादन गर्नका लागि जुनसुकै मुलुकबाट विदेशमा पठाएको सहायक सामग्रीबाट उत्पादित सामान पैठारी हुँदा कारोबार मूल्यमा त्यस्ता सहायक सामग्री बापतको मूल्य समेत कारोबार मूल्यमा जोड्नु पर्दछ । त्यस्ता सामग्रीहरूमा, उदाहरणका लागि, लेवुल, निर्देशन पुस्तिका, प्याकिङ्ग सामान, बटन, मोटर पार्टस, डाइ, मोल्डिङ्ग ब्लक, डिजाइन, ब्लु प्रिन्ट पर्दछन् । त्यस्ता सामग्रीहरूको मूल्यमा निम्न बमोजिमका खर्चहरू समेत समावेश हुने भएकाले तिनको समानुपातिक

मूल्यको हिसाव गरी पैठारी भएको मालवस्तुको कारोबार मूल्यमा समावेश गर्नुपर्दछः

(क) खरीद वा उत्पादन गर्दा लाग्ने लागत,

(ख) ढुवानी तथा विदेशमा पठाउँदा लागेको खर्च,

(ग) त्यस्ता सामानबाट पैठारी भएको मालवस्तु तयार गर्दा अभिवृद्धि भएको मूल्य ।

(७) सम्झौताको मूल्याङ्कन सम्बन्धी नियमको धारा र त्यसको व्याख्यात्मक टिप्पणीमा रोयल्टी र इजाजत दस्तुरलाई संगसंगै प्रयोग गरिएको छ । धारा ८.१(ग) को व्याख्यात्मक टिप्पणीमा अन्य कुराको अतिरिक्त, पेटेण्ट, ट्रेडमार्क र प्रतिलिपि अधिकार वापत भुक्तानी भएको रकमलाई कारोबार मूल्यमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ । जब क्रेताले पैठारी भएको मालवस्तुका सम्बन्धमा, बिक्रीका शर्तका रूपमा, रोयल्टी वा इजाजत वापत भुक्तानी गरेको रहेछ र त्यस्तो रकम वास्तवमा तिरेको वा तिर्नुपर्ने रकममा समावेश भएको रहेनछ भने सो रकम समेत कारोबार मूल्यमा समायोजन गर्नुपर्दछ ।

(८) बिक्री सम्झौतामा पैठारीकर्ताले नेपालमा पैठारी भएको मालवस्तु बिक्री वा प्रयोग गर्दा प्राप्त हुने मुनाफा रकमको कुनै अंश प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बिक्रेतालाई नै दिनुपर्ने शर्त राखिएको रहेछ भने त्यसरी भुक्तानी दिनुपर्ने रकम कारोबार मूल्यमा समायोजन गर्नुपर्दछ ।

(९) नेपालभित्र मालवस्तु पैठारी गर्नका लागि प्रयोग गरिएका हवाइ, सामुद्री वा सुक्खा बन्दरगाहमा कुनै भाडा, शुल्क, दस्तुर, विलम्ब शुल्क,

एजेन्ट खर्च, लोडिङ्ग, अनलोडिङ्ग, हयाण्डलिङ्ग जस्ता प्रयोजनका लागि पैठारीकर्ताले गरेका खर्चहरू कारोबार मूल्यमा समावेश गर्नुपर्दछ ।

११. <u>मूल्यमा समावेश नहुने रकमहरू</u> :– मूल्यमा समावेश हुनु नपर्ने रकमहरू समावेश भएको भए दफा ६ बमोजिम गर्नुपर्नेछ ।

१२. <u>कारोबार मूल्य अमान्य हुने</u>:– सम्झौताको मूल्याङ्कन सम्बन्धी नियमको धारा १ बमोजिम देहायको अवस्था विद्यमान भएमा कारोबार मूल्य अमान्य हुनेछः

(क) पैठारीकर्ता र आपूर्तिकर्ताबीच बिक्री नभएको,

(ख) आपूर्तिकर्ता देशबाट नेपालमा निकासी गर्नका लागि बिक्री नभएको,

(ग) दफा ८ को उपदफा (२) मा उल्लेखित निम्न बाहेकका अन्य बन्देजहरू भएको ;

(१) पैठारी गरिएको देशको कानून बमोजिम लगाइएको वा सरकारी निकायले लगाएका बन्देजहरू,

(२) कुनै भौगोलिक क्षेत्रमा मालवस्तु बिक्री गर्नको लागि लगाइएका बन्देजहरू, वा

(३) मालवस्तुको मूल्यमा तात्विक असर नपार्ने प्रकृतिका बन्देजहरू ।

(घ) मूल्याङ्कन गर्न लागिएको मालवस्तुको सम्बन्धमा मूल्य निर्धारण गर्न नसकिने गरी कुनै शर्त वा सीमा भएको,

(ङ) पैठारीकर्ताले नेपालमा मालवस्तु पैठारी गरी सो मालवस्तु बिक्री वा प्रयोगबाट प्राप्त गरेको रकमको कुनै अंश, उपयुक्त किसिमले समायोजन गर्न सकिनेमा वाहेक, प्रत्यक्ष वा परोक्ष रूपले विदेशको निकासीकर्ताले प्राप्त गर्ने अवस्था भएको ।

(च) क्रेता र बिक्रेता सम्बन्धित भई मूल्यमा प्रभाव पारेको ।

१३. <u>घोषित मूल्यलाई अमान्य गर्न सकिने</u> :– (१) विश्व व्यापार संगठनको मन्त्रिस्तरीय निर्णय नं. ६.१ ले भन्सार प्रशासनलाई पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्यमा शंका गर्ने कारण भएमा त्यसको सत्य, तथ्य प्रमाणित गर्न, व्याख्या गर्न र अन्य कागज प्रमाण पेश गर्न लगाउने अधिकार प्रदान गरेको र उक्त निर्णय सम्झौताको अङ्ग मानिएको तथा ऐनले समेत सो व्यवस्थालाई अङ्गिकार गरेको हुँदा घोषित मूल्यलाई शंकास्पद मान्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले त्यस्तो मूल्य प्रमाणित गर्ने थप कागज, प्रमाण र अन्य आवश्यक विवरणहरू मनासिव म्याद दिई अनुसूची– २ बमोजिमको ढाँचामा घोषणाकर्तासँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृतले माग गरेका कागज, प्रमाण र अन्य आवश्यक विवरणहरू तोकिएको समयभित्र घोषणाकर्ताले पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमका कागज, प्रमाण र अन्य आवश्यक विवरणहरू घोषणाकर्ताले म्यादभित्र उपलब्ध नगराएमा वा उपलब्ध गराए पनि त्यसबाट घोषित मूल्यको सत्यता र शुद्धताप्रति सन्तुष्ट

हुनसक्ने अवस्था नभएमा भन्सार अधिकृतले कारण खुलाई घोषित कारोबार मूल्यलाई अमान्य गर्नुपर्नेछ ।

(४) दफा १२ बमोजिम कारोबार मूल्य अमान्य भएकोमा वा यस दफा बमोजिम कारोबार मूल्य अमान्य गरेपछि भन्सार अधिकृतले ऐनको दफा १३ बमोजिम भन्सार मूल्य निर्धारणका वैकल्पिक विधिहरू अपनाई भन्सार मूल्य कायम गर्नुपर्नेछ।

१४. <u>समरूपका मालवस्तुको कारोबार मूल्यका आधारमा भन्सार मूल्य कायम गर्ने</u>:–

(१) घोषित कारोबार मूल्य अमान्य भएको अवस्थामा ऐनको दफा १३ को उपदफा (८) तथा सम्झौताको धारा २ वमोजिम समरुपका मालवस्तुको कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्नु पर्दछ ।

> समरूपका मालवस्तुको कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्ने सम्बन्धी सम्झौताको भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरूको धारा २ मा भएको व्यवस्था निम्न बमोजिम छः
>
> “२.१(क) पैठारी गरिएको मालवस्तुको भन्सार मूल्य धारा १ वमोजिम निर्धारण हुन नसकेमा त्यस्तो मालवस्तुको भन्सार मूल्य पैठारी गरिएकै देशमा आपूर्तिकर्ता देशबाट निर्यात गर्ने प्रयोजनको लागि बिक्री गरिएको र मालवस्तु मूल्याङ्कन गर्न लागेको समय वा करिब करिब सो समयमा पैठारी गरिएको समरूपको मालवस्तुको कारोबार मूल्य हुनेछ ।

(ख) प्रस्तुत धारा लागू गर्दा त्यस्तै समरूपको मालवस्तु बिक्री गर्दाको व्यापारिक स्तर र मूल्याङ्कन गर्न लागिएको मालवस्तुको सोही परिमाणको कारोबार मूल्य भन्सार मूल्य निर्धारण गर्न प्रयोग गरिनेछ। त्यसरी बिक्री भएको नपाइएमा त्यस्तो समरूपको मालवस्तु भिन्न व्यापारिक स्तरमा "र/वा" परिमाणको कारणले उत्पन्न हुने भिन्नतालाई समायोजन गरी प्रयोग गरिनेछ । तर त्यस्तो समायोजनले मूल्यलाई बढाउने वा घटाउने जे भए पनि स्पष्ट रूपमा औचित्य र दुरुस्तता स्थापना गर्न पारदर्शी प्रमाणको आधारमा त्यस्तो समायोजन गरिनु पर्दछ ।

२.२. धारा ८ को अनुच्छेद २ ले निर्दिष्ट गरेको खर्च तथा शुल्कलाई कारोबार मूल्यमा समावेश गरिंदा भौगोलिक दुरी र ढुवानीको साधनका भिन्नताले पैठारी भएको मालवस्तु र समरूपको मालवस्तु वीच उत्पन्न भएको उल्लेखनीय फरकलाई मनन गर्नका लागि त्यस्तो खर्च र शुल्कलाई समायोजन गरिनेछ ।

२.३. प्रस्तुत धारा लागु गर्दा यदि समरूपको मालवस्तुको एकभन्दा बढी कारोबार मूल्य भएको पाइएमा पैठारी भएको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नको लागि त्यस्तो सबैभन्दा कम मूल्यको प्रयोग गरिनेछ।"

(२) उपदफा (१) को प्रयोजनका लागि समरूपका मालवस्तु भन्नाले निम्न बमोजिमका मालवस्तु सम्झनु पर्दछः

(क) भौतिक चरित्र, गुण र ख्याति समेत हरेक प्रकारले समान भएको,

(ख) मूल्याङ्कन गर्न लागेको मालवस्तुको उत्पत्तिको मुलुक एउटै भएको,

(ग) मूल्याङ्कन गर्न लागेको मालवस्तु उत्पादन गरेकै उत्पादकद्वारा उत्पादन भएको ।

यदि उही उत्पादकले उत्पादन गरेको मालवस्तु उपलव्ध नभएको अवस्थामा उही देशमा अन्य उत्पादकले उत्पादन गरेको समरूपको मालवस्तुलाई (सन्दर्भको रूपमा) लिन सकिनेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि तुलना गर्न लागिएको मालवस्तुमा देखिने सामान्य भिन्नताले त्यस्तो मालवस्तुको मूल्यमा फरक नपर्ने भएमा र यस प्रयोजनको लागि अन्य परिभाषा मिल्दोजुल्दो भएमा त्यस्ता मालवस्तुलाई समरूपको मालवस्तुको रूपमा तुलना गर्न सकिनेछ।

(४) पैठारी भएका मालवस्तुको प्राविधिक कार्य, विकास कार्य, कला कार्य, डिजाइन कार्य, योजना वा खाका कोर्ने कार्य नेपालमा नै सम्पन्न गरिएको भए र सो कार्य पैठारीकर्ताले उत्पादकलाई कम मूल्यमा वा बिना मूल्यमा उपलब्ध गराएको भएमा त्यस्ता मालवस्तुलाई समरूपका मालवस्तु मान्न हुँदैन ।

<u>समरूप मालवस्तुका उदाहरणहरू:</u>

- अलग अलग प्रयोजनको लागि पैठारी गरिएका स्टील पाता जसको रासायनिक मिश्रण र वनावट एउटै हुन्छ।
- भिन्न भिन्न मूल्यमा पैठारी गरेको भएतापनि आन्तरिक सजावटकर्ता र थोक बिक्रेताले पैठारी गरेको भित्ता सजाउने समरूपका कागज ।

- जडान गरिएको वा सामान्य जडान मात्र गर्न बाँकी मालवस्तु, जस्तैः पूर्ण जडित वा पम्प र नोजल तथा किटनाशक राख्ने भाँडो, जडान नगरिएको किटनाशक औषधी छर्कने स्प्रेयर ।

(५) यस दफा बमोजिम मालवस्तुको तुलना गर्दा मालवस्तु मूल्याङ्कन गर्ने समय वा करिब करिब सोही समयमा विदेशबाट नेपालमा निकासी गरिएको करिब करिब सोही व्यापारिकस्तर र करिब करिब समान परिमाणको समरूपका मालवस्तुसँग तुलना गर्नु पर्नेछ ।

<u>स्पष्टीकरणः–</u>

(क) "करिब करिब सोही समय" भन्नाले व्यापारिक अभ्यास र बजार अवस्थाले मूल्यमा फरक नपर्ने गरी निर्यात गरिएको समय मान्नुपर्छ। यस्तो समय साधारणतया एक महिना अगाडि सम्मको हुनसक्छ। यस्तो समयमा सामान्य तलमाथि भएको कारणले मात्र समरूपको मालवस्तु होइन भन्ने अर्थ लगाई मूल्याङ्कनको अर्को विधि प्रयोग गर्नु हुँदैन ।

(ख) "करिब करिब सोही व्यापारिकस्तर" भन्नाले समान परिमाणमा भएको समरूपको मालवस्तुको बिक्री नपाइएको अवस्थामा समरूपको मालवस्तु बिक्री गर्दा हुने उही व्यापारिकस्तर (थोक, खुद्रा, अन्तिम प्रयोगकर्ता वा उपभोक्ता) मा तर भिन्न परिमाणमा बिक्री भएको अवस्था, भिन्न व्यापारिकस्तर (थोक, खुद्रा, अन्तिम प्रयोगकर्ता वा उपभोक्ता) मा तर उही परिमाणमा बिक्री भएको अवस्था वा भिन्न व्यापारिकस्तर तथा भिन्न परिमाणमा बिक्री भएको अवस्थालाई सम्झनु पर्छ। यी तीन

अवस्था मध्ये कुनै एक अवस्थामा भएको बिक्रीको तथ्य प्राप्त भएपछि परिस्थिति अनुसार निम्न तत्वहरूको लागि समायोजन गर्नु पर्नेछः

(१) केवल परिमाणात्मक तत्वहरू,

(२) केवल व्यापारिकस्तरका तत्वहरू, वा

(३) दुवै व्यापारिकस्तर तथा परिमाणात्मक तत्वहरू ।

<table>
<tr><th colspan="5">उदाहरण १: समान स्तर र समान परिमाण</th></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>क</td><td>१७०० वटा</td><td>५</td><td>ख</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य मान्न नसकिने अवस्था छ । हामीसँग निम्न अनुसार समरूपको मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।</td></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्र. इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>म</td><td>१७०० वटा</td><td>६</td><td>व</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">मूल्य के हुन्छ र समायोजन आवश्यक छ वा छैन ?
उत्तरः प्रस्तुत अवस्थामा कुनै समायोजन गर्नु पर्दैन, किनकि यहाँ व्यापारिकस्तर र परिमाण समान हुँदा धारा २ अनुसार समरूप मालवस्तुको कारोबार मूल्य ६ नै मूल्याङ्कन गरिने मालवस्तुको मूल्य हुन्छ।</td></tr>
</table>

<table>
<tr><th colspan="5">उदाहरण २: उही व्यापारिकस्तर र भिन्न परिमाण</th></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>म</td><td>१००० वटा</td><td>५</td><td>फ</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य मान्न नसकिने अवस्था छ । हामीसँग निम्न अनुसार समरूपको मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।</td></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्र. इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>व</td><td>१७०० वटा</td><td>६</td><td>भ</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">साथै आपूर्तिकर्ता व ले कम्तीमा १००० वटा भन्दा बढी ६ मा बिक्री गर्छ र मूल्यमा घटबढ गर्दैन। मूल्य के हुन्छ र समायोजन आवश्यक छ वा छैन ?
समरूप मालवस्तुको १००० वटा बढीमा ६ भई परिमाणमा भएको फरकले मूल्यमा प्रभाव नपार्ने हुँदा प्रस्तुत अवस्थामा परिमाणमा फरक देखिएता पनि कुनै समायोजन गर्नुपर्दैन र ६ मूल्य कायम गर्नुपर्दछ ।</td></tr>
</table>

उदाहरण ३: भिन्न व्यापारिक स्तर र सोही परिमाण

आपूर्तिकर्ता	परिमाण	प्रति इकाई मूल्य	पैठारीकर्ता	स्तर
म	२८०० वटा	१.५	फ	थोक बिक्रेता

उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य मान्न सकिने अवस्था छैन । हामीसँग निम्न अनुसार समरूपको मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।

आपूर्तिकर्ता	परिमाण	प्रति इकाई मूल्य	पैठारीकर्ता	स्तर
व	२८०० वटा	२.५० (-१५%)	भ	खद्रा बिक्रेता

साथै आपूर्तिकर्ता व ले आफ्नो आधिकारिक मूल्यसूची अनुसार विभिन्न स्तरका क्रेतालाई सहुलियत वापत मूल्यमा खुद्रा बिक्रेतालाई १५ प्रतिशत र थोक बिक्रेतालाई २० प्रतिशत छुट दिने गरेको यथार्थता उपलव्ध छ । मूल्य के हुन्छ र समायोजन आवश्यक छ वा छैन ?

उत्तरः यहाँ भिन्न व्यापारिकस्तरको लागि भिन्न मूल्यसूची भएको प्रमाण हुँदा समरूपको कारोबार मूल्यमा समायोजन आवश्यक छ। यसैले थोकस्तरमा पैठारी भएको मालवस्तुलाई खुद्रास्तरको समरूपको मालवस्तुको कारोबार मूल्य २.५० मा २० प्रतिशत छुट दिई मूल्य कायम गर्नु पर्दछ । अर्थात् २.०० मूल्य कायम गर्नुपर्छ।

उदाहरण ४: उही व्यापारिक स्तर र भिन्न परिमाण

आपूर्तिकर्ता	परिमाण	प्रति इकाई मूल्य	पैठारीकर्ता	स्तर
म	१७०० वटा	४	फ	थोक बिक्रेता

उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य कायम गर्न सकिएन। हामीसँग निम्न अनुसार समरूपको मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।

आपूर्तिकर्ता	परिमाण	प्रति इकाई मूल्य	पैठारीकर्ता	स्तर
व	२३०० वटा	४.७५	भ	थोक बिक्रेता

व को मूल्यसूची वास्तविक तथा यथार्थ भएको वारे भन्सार प्रशासन विश्वस्त छ। साथै यस मूल्यसूची अनुसार व ले विभिन्न परिमाणको लागि विभिन्न मूल्य राखे अनुसार २००० वटाभन्दा कम बिक्रीमा ५.०० तोकेको छ। यस अवस्थामा समायोजना आवश्यक छ वा छैन मूल्य के हुन्छ ?

उत्तरः प्रस्तुत अवस्थामा समायोजन आवश्यक छ, समरूपको कारोबार मूल्यमा ०.२५ जोडेर ५.०० धारा २ अनुसार भन्सार मूल्य कायम गर्नु पर्दछ। भिन्न व्यापारिक स्तर वा भिन्न परिमाणको कारणले गरिने समायोजनले मूल्यलाई बढाउने वा घटाउने जे भए पनि त्यस्तो समायोजनको औचित्य र दुरूस्तता स्पष्ट रूपमा प्रस्तुत प्रमाणको आधारमा गर्नुपर्छ। विभिन्न मापदण्ड वा परिमाणहरू जनाउने मूल्य

भएको प्रचलित मूल्यसूचीलाई स्थापित मालवस्तुगत मापको आधारमा मान्यता दिनुपर्छ।

(६) सम्झौताको समायोजन सम्बन्धी व्यवस्थाको अलावा धारा ८.२ मा उल्लेखित परिवहन खर्च, लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग शुल्क तथा बीमा वापतको रकम समेतले मूल्याङ्कन गर्न लागिएको मालवस्तु र समरूपको मालवस्तुको कारोबार मूल्यमा फरक पार्न सक्ने हुँदा देहाय अनुसार समायोजन गर्नुपर्छः

(क) **परिवहन खर्चः**– पैठारी भएको मालवस्तु उत्पादक देश वा अन्य देशवाट चलान भएमा वा/र निर्यात हुने देश भौगोलिक रूपले ठूलो भएमा वा/र हवाई/सामुद्रिक चलान भएको अवस्थामा परिवहन खर्चमा फरक हुन सक्दछ।

उदाहरणः

(१) जापानमा उत्पादन भएको सवारी साधन जापानबाटै चलान वा सोही सवारी साधन दुबईबाट चलान हुँदा,

(२) चीनको संघाईमा उत्पादन भएको मावलस्तु संघाईबाटै चलान हुँदा र चीनकै ग्वोङजाओबाट चलान हुँदा,

(३) भारतमा उत्पादित वस्तु मुम्बईबाट हवाई मार्ग र स्थल मार्गबाट चलान हुँदा ।

(ख) **लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग खर्चः–** भिन्न भिन्न स्थानबाट चलान वा पैठारी हुँदा वन्दरगाह शुल्कमा पनि फरक

पर्न सक्दछ । कुनै वन्दरगाहको शुल्क (सुविधा र व्यस्तताको कारण) ज्यादै बढी हुन सक्दछ ।

(ग) **बीमाः-** परिवहनको मार्गको आधारमा बीमा शुल्क पनि फरक हुन सक्दछ । मार्ग जोखिमपूर्ण भएमा बीमा शुल्क बढी र कम जोखिममा बीमा शुल्क कम हुन सक्दछ ।

अतः मूल्य कायम गर्न लागिएको मालवस्तुको सम्झौताको धारा १ अनुसार कारोबार मूल्य कायम गर्न नसकिएमा सम्झौताको धारा २ अनुसार मूल्य कायम गर्दा समरूप मालवस्तुको कारोबार मूल्यमा भिन्न व्यापारिकस्तर र परिमाणको कारणले भएको मूल्य फरकलाई समायोजन पश्चात कायम हुने मूल्यमा वास्तविकता र यथार्थताको आधारमा पारवहन खर्च, लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग र बीमा शुल्क माथि उल्लेख भए वमोजिम समायोजन गरी भन्सार मूल्य कायम गर्नुपर्दछ ।

(७) सम्झौताको धारा २ को अनुच्छेद ३ को प्रयोग गर्दा यदि समरूपको मालवस्तुको एकभन्दा बढी कारोबार मूल्य रहेको देखिएमा सवैभन्दा कम कारोबार मूल्यलाई आधार लिनु पर्दछ ।

(८) समरूपका मालवस्तुको कारोबार मूल्यबाट मूल्य कायम हुन नसक्ने आधार र कारण देहाय अनुसार छन्ः

(क) भौतिक चरित्रहरू, गुणस्तर र ख्याति समेतबाट समरूप मालवस्तु हर प्रकारले समान नभएको अवस्था, वा

(ख) मूल्याङ्कन भैरहेको मालवस्तु उत्पादन भएको देशमै उत्पादन नभएको अवस्था, वा

(ग) पैठारी भएको मालवस्तुको प्राविधिक कार्य, विकास कार्य, कला कार्य, डिजाइन कार्य वा खाका कोर्ने कार्य मालवस्तु पैठारी गरिएको मुलुकमा नै सम्पन्न भएको अवस्था ।

द्रष्टव्यः माथि उल्लेखित अवस्थाहरूमध्ये कुनै एक मात्र अवस्था विद्यमान भए पनि त्यस्तो अवस्थामा पैठारी भएको मालवस्तुलाई समरूपका मालवस्तु मानी भैरहेको समरूपका मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य कायम गर्नु हुँदैन । कुन अवस्था विद्यमान भएको हो ? सो स्पष्ट रूपमा उल्लेख गरी मिल्दोजुल्दो मालवस्तुको मूल्य निर्धारण विधिबाट (Similar Goods Method) मूल्याङ्कन गर्नुपर्दछ ।

१५. <u>मिल्दोजुल्दो (Similar) मालवस्तुको कारोबार मूल्यका आधारमा भन्सार मूल्य कायम गर्ने</u>:–

(१) सम्झौताको नियमको धारा १ र २ अनुसार भन्सार मूल्य निर्धारण हुन नसकेको अवस्थामा यो विधि अवलम्बन गरी ऐनको दफा १३(९) अनुसार भन्सार मूल्य निर्धारण गर्न पर्दछ ।

मिल्दोजुल्दो (Similar) मालवस्तुको कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्ने सम्बन्धी सम्झौताको भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरूको धारा ३ मा भएको व्यवस्था निम्न बमोजिम छः

“३.१(क) यदि धारा १ र २ अन्तर्गत पैठारी भएको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य पैठारी गरिएको देशमा निर्यात गर्ने प्रयोजनले बिक्री गरिएको र

सम्बन्धित मालवस्तुको मूल्याङ्कन गर्न लागिएको समयको हाराहारीमा निर्यात गरिएको मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य हुनेछ ।

(ख) प्रस्तुत धारा लागू गर्दा मिल्दोजुल्दो मालवस्तुको बिक्री गर्दाको व्यापारिक स्तर र मूल्याङ्कन गर्न खोजिएको मालवस्तुको सोही बिक्री परिमाणको कारोबार मूल्य भन्सार मूल्य निर्धारण गर्न प्रयोग गरिनेछ । त्यसरी बिक्री भएको नपाइएमा मिल्दोजुल्दो मालवस्तु भिन्न व्यापारिक स्तरमा "र/वा" भिन्न परिमाणको कारणले उत्पन्न हुने भिन्नतालाई समायोजन गरी प्रयोग गरिनेछ, तर त्यस्तो समायोजनले मूल्यलाई बढाउने वा घटाउने जे भएपनि औचित्य तथा दुरूस्ततालाई स्पष्ट रूपमा स्थापना गर्न प्रदर्शित प्रमाणको आधारमा त्यस्तो समायोजन गरिनु पर्दछ।

३.२. धारा ८ को अनुच्छेद २ ले निर्दिष्ट गरेको खर्च तथा शुल्कलाई कारोबार मूल्यमा समावेश गरिंदा भौगोलिक दूरी र यातायातको साधनको भिन्नताले पैठारी भएको खर्चको फरकलाई समेत ध्यानमा राखी त्यस्तो खर्च र शुल्कलाई समायोजन गर्नु पर्नेछ।

३.३. प्रस्तुत धारा लागू गर्दा यदि मिल्दोजुल्दो मालवस्तुको एकभन्दा बढी कारोबार मूल्य भएको पाइएमा पैठारी भएको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नको लागि त्यस्तो सबैभन्दा कम मूल्यको प्रयोग गरिनेछ"।

(२) उपदफा (१) को प्रयोजनका लागि मिल्दोजुल्दो मालवस्तु भन्नाले निम्न बमोजिमका मालवस्तु सम्झनु पर्दछः

(क) सम्पूर्ण तवरमा समान नभएतापनि चारित्रिक तत्व र वस्तुको आन्तरिक पार्टपुर्जा समान भएका, मूल्याङ्कन हुने मालवस्तुले सम्पन्न गर्ने कार्य नै गर्न सक्ने र व्यापारिक रूपले साटफेर (इन्टरचेञ्जेबल) हुन सक्ने,

(ख) मूल्याङ्कन गरिने मालवस्तु उत्पादन भएकै मुलुकमा उत्पादन भएको,

(ग) मूल्याङ्कन गरिने मालवस्तु उत्पादन गरेकै उत्पादकद्वारा उत्पादन भएको ।

यदि उही उत्पादकले उत्पादन गरेको मालवस्तु उपलब्ध नभएको अवस्थामा उही देशमा अन्य उत्पादकले उत्पादन गरेको मिल्दोजुल्दो मालवस्तुलाई पनि लिन सकिन्छ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि तुलना गर्न लागिएको मालवस्तुमा देखिने सामान्य भिन्नताले त्यस्तो मालवस्तुको मूल्यमा फरक नपर्ने भएमा र यस प्रयोजनको लागि अन्य परिभाषा मिल्दोजुल्दो भएमा त्यस्ता मालवस्तुलाई मिल्दोजुल्दो मालवस्तुको रूपमा तुलना गर्न सकिनेछ ।

(४) पैठारी भएका मालवस्तुको प्राविधिक कार्य, विकास कार्य, कला कार्य, डिजाइन कार्य, योजना वा खाका कोर्ने कार्य नेपालमा नै सम्पन्न गरिएको भए र सो कार्य पैठारीकर्ताले उत्पादकलाई कम मूल्यमा वा

बिनामूल्यमा उपलब्ध गराएको भए त्यस्ता मालवस्तुलाई मिल्दोजुल्दो मालवस्तु मान्नु हुँदैन। मिल्दोजुल्दो मालवस्तुका केही उदाहरणहरू देहाय बमोजिम छन्:

(क) दुई भिन्दाभिन्दै उत्पादकले उत्पादन गरेका, ट्रेडमार्क फरक फरक भएका तर क्षमता र चारित्रिक गुण समान भएकाले समान प्रकृतिको कार्य सम्पादन गर्ने रबरका ट्यूवहरू । यहाँ ट्यूवहरूको ट्रेडमार्क फरक भएको कारणले समरूपका मालवस्तु नमानी मिल्दोजुल्दो मालवस्तु मानिन्छ ।

(ख) दुई भिन्दाभिन्दै उत्पादकले उत्पादन गरेका समान स्तर, समान चारित्रिक गुण र समान ख्याति भएकाले समान प्रकृतिको कार्य सम्पादन गर्ने वाथरूमका कमोडहरूलाई समरूपका मालवस्तु नमानी मिल्दोजुल्दो मालवस्तु मानिन्छ ।

(५) यस दफा बमोजिम मालवस्तुको तुलना गर्दा मालवस्तु मूल्याङ्कन गर्न लागिएको समय वा करिब करिब सोही समयमा विदेशबाट नेपालमा निकासी गरिएको करिब करिब सोही व्यापारिक स्तर र करिब करिब समान परिमाणको मिल्दोजुल्दो मालवस्तुसँग तुलना गर्न सकिनेछ ।

<u>स्पष्टीकरण:</u> –

(क) “करिब करिब सोही समय” भन्नाले व्यापारिक अभ्यास र बजार अवस्थाले मूल्यमा फरक नपर्ने गरी निर्यात गरिएको समय मान्नुपर्छ। यस्तो समय साधारणतया एक महिना अगाडिसम्मको हुनसक्छ। यस्तो

समयमा सामान्य तलमाथि भएको कारणले मात्र मिल्दोजुल्दो मालवस्तु होइन भन्ने अर्थ लगाई मूल्याङ्कनको अर्को विधि प्रयोग गर्नु हुँदैन।

(ख) "करिब करिब सोही व्यापारिक स्तर" भन्नाले समान परिमाणमा भएको समरूपको मालवस्तुको बिक्री नपाइएको अवस्थामा मिल्दोजुल्दो मालवस्तु बिक्री गर्दा हुने उही व्यापारिक स्तर (थोक, खुद्रा, अन्तिम प्रयोगकर्ता वा उपभोक्ता) मा तर भिन्न परिमाणमा भएको बिक्री भएको अवस्था, भिन्न व्यापारिक स्तर (थोक, खुद्रा, अन्तिम प्रयोगकर्ता वा उपभोक्ता) मा तर उही परिमाणमा भएको बिक्री भएको अवस्था वा भिन्न व्यापारिक स्तर तथा भिन्न परिमाणमा बिक्री भएको अवस्थालाई सम्झनु पर्छ। यी तीन अवस्था मध्ये कुनै एक अवस्थामा भएको बिक्रीको तथ्य प्राप्त भएपछि परिस्थिति अनुसार निम्न तत्वहरूको लागि समायोजन गर्नुपर्दछः

(१) केवल परिमाणात्मक तत्वहरू,

(२) केवल व्यापारिकस्तरका तत्वहरू, वा

(३) दुवै व्यापारिकस्तर तथा परिमाणका तत्वहरू ।

<table>
<tr><th colspan="5">उदाहरण १: समान स्तर र समान परिमाण</th></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>क</td><td>१७०० वटा</td><td>५</td><td>ख</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य कायम गर्न सकिएन। हामीसँग निम्न अनुसार मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।</td></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>म</td><td>१७०० वटा</td><td>६</td><td>व</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">मूल्य के हुन्छ र समायोजन आवश्यक छ वा छैन ?
उत्तरः प्रस्तुत अवस्थामा कुनै समायोजन गर्नु पर्दैन, किनकि यहाँ व्यापारिकस्तर र परिमाण समान हुँदा धारा २ अनुसार मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य ६ नै मूल्याङ्कन गरिने मालवस्तुको मूल्य हुन्छ ।</td></tr>
</table>

<table>
<tr><th colspan="5">उदाहरण २: उही व्यापारिक स्तर र भिन्न परिमाण</th></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>म</td><td>१००० वटा</td><td>५</td><td>फ</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य मान्न नसकिने अवस्था छ ।हामीसँग निम्न अनुसार मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।</td></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>व</td><td>१७०० वटा</td><td>६</td><td>भ</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">साथै आपूर्तिकर्ता व ले कम्तीमा १००० वटा भन्दा बढी ६ मा बिक्री गर्छ र मूल्यमा घटबढ गर्दैन। मूल्य के हुन्छ र समायोजन आवश्यक छ वा छैन ?
मिल्दोजुल्दो मालवस्तुको १००० वटा बढीमा ६ भई परिमाणमा भएको फरकले मूल्यमा प्रभाव नपार्ने हुँदा प्रस्तुत अवस्थामा परिमाणमा फरक देखिएता पनि कुनै समायोजन गर्नुपर्देन र ६ मूल्य कायम गर्नुपर्दछ ।</td></tr>
</table>

उदाहरण ३: भिन्न व्यापारिक स्तर र सोही परिमाण

आपूर्तिकर्ता	परिमाण	प्रति इकाई मूल्य	पैठारीकर्ता	स्तर
म	२८०० वटा	१.५०	फ	थोक बिक्रेता

उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य मान्न सकिने अवस्था छैन। हामीसँग निम्न अनुसार मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।

आपूर्तिकर्ता	परिमाण	प्रति इकाई मूल्य	पैठारीकर्ता	स्तर
व	२८०० वटा	२.५० (-१५%)	भ	खुद्रा बिक्रेता

साथै आपूर्तिकर्ता व ले आफ्नो आधिकारिक मूल्यसूची अनुसार विभिन्न स्तरका क्रेतालाई सहुलियत वापत मूल्यमा खुद्रा बिक्रेतालाई १५ प्रतिशत र थोक बिक्रेतालाई २० प्रतिशत छुट दिने गरेको यथार्थता उपलव्ध छ । मूल्य के हुन्छ र समायोजन आवश्यक छ वा छैन ?

उत्तरः यहाँ भिन्न स्तरको व्यापारिकस्तरको लागि भिन्न मूल्यसूची भएको प्रमाण हुँदा मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यमा समायोजन आवश्यक छ । यसैले थोकस्तरमा पैठारी भएको मालवस्तुलाई खुद्रास्तरको मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य २.५० मा २० प्रतिशत छुट दिई मूल्य कायम गर्नु पर्दछ । अर्थात् २.०० मूल्य कायम गर्नुपर्छ ।

<table>
<tr><th colspan="5">उदाहरण ४: उही व्यापारिक स्तर र भिन्न परिमाण</th></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>म</td><td>१७०० वटा</td><td>४</td><td>फ</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">उपरोक्त मूल्यलाई धारा १ अनुसार कारोबार मूल्य कायम गर्न सकिएन। हामीसँग निम्न अनुसार मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्य प्राप्त छ ।</td></tr>
<tr><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>प्रति इकाई मूल्य</th><th>पैठारीकर्ता</th><th>स्तर</th></tr>
<tr><td>व</td><td>२३०० वटा</td><td>४.७५</td><td>भ</td><td>थोक बिक्रेता</td></tr>
<tr><td colspan="5">व को मूल्यसूची वास्तविक तथा यथार्थ भएको बारे भन्सार प्रशासन विश्वस्त छ । साथै यस मूल्यसूची अनुसार व ले विभिन्न परिमाणको लागि विभिन्न मूल्य राखे अनुसार २००० वटा भन्दा कम बिक्रीमा मूल्य ५.०० तोकेको छ । यस अवस्थामा समायोजना आवश्यक छ वा छैन मूल्य के हुन्छ?
उत्तरः प्रस्तुत अवस्थामा समायोजन आवश्यक छ, मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यमा रु. ०.२५ जोडेर हुन आउने रु. ५ लाई धारा २ अनुसार भन्सार मूल्य कायम गर्नुपर्दछ । भिन्न व्यापारिक स्तर वा भिन्न परिमाणको कारणले गरिने समायोजनले मूल्यलाई बढाउने वा घटाउने जे भए पनि त्यस्तो समायोजनको औचित्य र दुरूस्तता स्पष्ट</td></tr>
</table>

रूपमा प्रस्तुत प्रमाणको आधारमा गर्नुपर्छ। विभिन्न मापदण्ड वा परिमाणहरू जनाउने मूल्य भएको प्रचलित मूल्यसूचीलाई स्थापित मालवस्तुगत मापको आधारमा मान्यता दिनुपर्छ ।

(६) सम्झौताको समायोजन सम्बन्धी व्यवस्थाको अलावा धारा ८.२ मा उल्लेखित परिवहन खर्च, लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग शुल्क तथा बीमा वापतको रकम समेतले मूल्याङ्कन गर्न लागिएको मालवस्तु र मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यमा फरक पार्न सक्ने हुँदा देहाय अनुसार समायोजन गर्नुपर्छः

(क) **परिवहन खर्चः–** पैठारी भएको मालवस्तु उत्पादक देश वा अन्य देशवाट चलान भएमा वा/र निर्यात हुने देश भौगोलिक रूपले ठूलो भएमा वा/र हवाई सामुद्रिक चलान भएको अवस्थामा परिवहन खर्चमा फरक हुन सक्छ ।

उदाहरणः–

(१) जापानमा उत्पादन भएको सवारी साधन जापानबाटै चलान हुँदा वा सोही सवारी साधन दुबईबाट चलान हुँदा,

(२) चीनको संघाईमा उत्पादन भएको मावलस्तु संघाईबाटै चलान हुँदा वा चीनकै ग्वोङ्जाओबाट चलान हुँदा,

(३) भारतमा उत्पादित वस्तु मुम्बईबाट हवाई मार्ग र स्थल मार्गबाट चलान हुँदा ।

(ख) **लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग खर्चः–** भिन्न भिन्न स्थानबाट चलान वा पैठारी हुँदा वन्दरगाह शुल्कमा पनि फरक पर्न सक्दछ। कुनै

वन्दरगाहको शुल्क (सुविधा र व्यस्तताको कारण) ज्यादै बढी हुन सक्दछ।

(ग) **<u>बीमाः–</u>** परिहवनको मार्गको आधारमा बीमा शुल्क पनि फरक हुन सक्दछ । मार्ग जोखिमपूर्ण भएमा बीमा शुल्क बढी र कम जोखिम भएमा बीमा शुल्क कम हुन सक्दछ ।

अतः मूल्य कायम गर्न लागिएको मालवस्तुको सम्झौताको धारा १ र २ अनुसार मूल्य कायम गर्न नसकिएमा सम्झौताको धारा ३ अनुसार मूल्य कायम गर्दा मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यमा भिन्न व्यापारिक स्तर र परिमाणको कारणले भएको मूल्य फरकलाई समायोजन पश्चात कायम हुने मूल्यमा वास्तविकता र यथार्थताको आधारमा पारवहन खर्च, लोडिङ्ग, अनलोडिङ्ग तथा ह्याण्डलिङ्ग र बीमा शुल्क माथि उल्लेख भए वमोजिम समायोजन गरी भन्सार मूल्य कायम गर्नुपर्छ ।

(७) सम्झौताको नियमको धारा ३ को अनुच्छेद ३.३ को प्रयोग गर्दा यदि मिल्दोजुल्दो मालवस्तुको एकभन्दा बढी कारोबार मूल्य रहेको देखिएमा सवैभन्दा कम कारोबार मूल्यलाई आधार लिनु पर्दछ।

(८) मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यका आधारमा मूल्य कायम हुन नसक्ने आधार र कारण देहाय अनुसार छन्ः

(क) चारित्रिक तत्वको साथै आन्तरिक पार्टपुर्जा समान नभएका मालवस्तु, जसले मूल्याङ्कन गरिने मालवस्तुले सम्पन्न गर्न सक्ने कार्य गर्न नसक्ने र व्यापारिक रूपमा अन्तर परिवर्तन गर्न योग्य नभएका ।

(ख) मूल्याङ्कन गरिने मालवस्तु उत्पादन भएको देशमा उत्पादन नभएका ।

(ग) पैठारी भएका मालवस्तुको प्राविधिक कार्य, विकास कार्य, योजना वा खाका कोर्ने कार्य मालवस्तु पैठारी गर्ने मुलुकमा नै गरिएका ।

अतः उपरोक्त अवस्थामा पैठारी भएका मालवस्तुहरूको कारोबार मूल्यलाई मूल्याङ्कन हुन लागेको मालवस्तुको आधार वनाउनु हुँदैन।

१६. <u>समरूपका (Identical) मालवस्तु र मिल्दोजुल्दो (Similar) मालवस्तुको कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्ने अवस्था</u> :– (१) कारोबार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा समरूपका मालवस्तुको कारोबार मूल्यको आधारमा मूल्याङ्कन गर्न लागिएको मालवस्तुको भन्सार मूल्य कायम गर्नुपर्नेछ।

(२) पैठारी भएको मालवस्तुको समरूपको मालवस्तु पहिले पैठारी भएको रहेनछ भने समरूपका मालवस्तुको कारोबार मूल्यको आधारमा मूल्य निर्धारण हुन सक्दैन । यस्तो अवस्थामा मूल्याङ्कन गरिने मालवस्तुसँग मिल्दोजुल्दो मालवस्तु पहिले पैठारी भएको रहेछ भने त्यस्तो मालवस्तुको कारोबार मूल्यको आधारमा पैठारी भएको मालवस्तुको मूल्य कायम गर्नुपर्दछ ।

(३) समरूपका मालवस्तुको कारोबार मूल्य प्राप्त भएसम्म सोको आधारमा र सो नभएमा मात्र मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको

आधारमा मालवस्तुको भन्सार मूल्य कायम गर्नु पर्छ । यस्तो क्रमलाई परिवर्तन गर्नु हुँदैन ।

१७. <u>बिक्री मूल्यबाट घटाई मूल्याङ्कन गर्ने विधि (Deductive Value Method):</u>– (१) पहिले नै नेपालमा पैठारी भई पैठारीकर्तासँग असम्बन्धित व्यक्तिलाई बजारमा बिक्री भएको अधिकतम इकाईको प्रति इकाई बिक्री मूल्यमा नेपालमा लागेको कर, महसुल, अन्य सम्वद्ध खर्च र मुनाफा कटाई ऐनको दफा १३ को उपदफा (१०) बमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिन्छ ।

बिक्री मूल्यबाट घटाइ मूल्याङ्कन गर्ने विधिका सम्वन्धमा सम्झौताको धारा ४ र धारा ५ मा देहाय बमोजिम व्यवस्था छः

"**धारा ४:** पैठारी भएको मालवस्तुको भन्सार मूल्य धारा १, २ तथा ३ का प्रावधानहरू वमोजिम निर्धारण गर्न नसकिने भएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य धारा ५ र ६ को प्रयोगको क्रमवद्धता उल्टयाइयोस् भनी पैठारीकर्ताले अनुरोध गरेमा वाहेक धारा ५ बमोजिम निर्धारण गरिनेछ वा सो धारा बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिने भएमा धारा ६ बमोजिम भन्सार मूल्य निर्धारण गरिनेछ।

धारा ५: १(क) पैठारी भएको मालवस्तु समरूप वा उस्तै पैठारी भएको मालवस्तु पैठारी भएको देशमा पैठारी गरिएको अवस्थामा नै बिक्री गरिएमा प्रस्तुत धारा अन्तर्गत त्यसरी पैठारी भएको मालवस्तुको भन्सार मूल्य पैठारी भएको मालवस्तु वा समरूप पैठारी भएको मालवस्तु

सबैभन्दा ठूलो परिमाणमा बिक्री गरिएको अवस्थाको इकाई मूल्य वा त्यस्तो मालवस्तुको मूल्याङ्कन गर्दाको समयमा वा त्यस्तो समयताका त्यस्तो मालवस्तु किन्ने व्यक्तिहरूसंग सम्बन्धित नभएका व्यक्तिहरूलाई बिक्री गरिएको इकाई मूल्यमा देहायको कार्यको लागि भएको खर्च कटाई आधारित हुनेछः

i. मालवस्तु पैठारी गरिएको देशमा त्यस्तै वर्गको वा किसिमको मालवस्तु बिक्री गर्ने सिलसिलामा प्रायः जसो तिर्ने गरेको वा तिर्न मन्जुर गरेको कमिशन वा नाफा तथा साधारण खर्चको लागि भएको थप रकम,

ii. पैठारी भएको देशमा लाग्ने परिवहन खर्च र बीमा तथा तत्सम्बन्धी खर्चहरू,

iii. उपर्युक्तानुसार धारा ८ को अनुसूची २ मा उल्लेख गरिएका खर्च तथा शुल्कहरू

iv. मालवस्तु पैठारी गरिएको देशमा मालवस्तु पैठारी वा बिक्री गरिएको कारणले तिर्नुपर्ने भन्सार महसुल तथा अन्य राष्ट्रिय करहरू ।

१(ख) मूल्याङ्कन गर्न खोजिएको मालवस्तु पैठारी गर्दाको समयमा वा त्यसताका पैठारी भएको मालवस्तु, समरूपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु कुनै पनि बिक्री नगरिएकोमा अनुच्छेद १(क) मा अन्यथा लेखिएकोमा सोही बमोजिम हुने गरी भन्सार मूल्य पैठारी भएको मालवस्तु वा समरूपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु पैठारी

गरिएको देशमा पैठारी गरिएको अवस्थामा मूल्याङ्कन गर्न खोजिएको मालवस्तु पैठारी गरिएको सबैभन्दा छिटो मिति तर पैठारी गरिएको ९० दिनभित्र बिक्री गरिएको इकाई मूल्यमा निर्धारित हुनेछ ।
२. पैठारी गरिएको मालवस्तु, समरूपको वा मिल्दोजुल्दो मालवस्तु पैठारी गरिएको देशमा पैठारी गर्दाकै अवस्थामा बिक्री नगरिएकोमा यदि पैठारीकर्ताले अनुरोध गरेमा त्यस्तो पैठारी भएको मालवस्तु प्रशोधन पछि पैठारी गरिएको देशमा जसबाट मालवस्तु किनेको हो ती व्यक्तिसंग असम्बन्धित व्यक्तिलाई बिक्री गरेको सबैभन्दा ठूलो समष्टिगत परिमाणको इकाई मूल्यमा भन्सार मूल्य आधारित हुनेछ। त्यस्तो प्रशोधन र अनुच्छेद १(क) मा व्यवस्था गरिएको कट्टिद्वारा अभिवृद्धि भएको मूल्यको लागि उचित छुट दिइनेछ ।"

(२) उपदफा (१) बमोजिमको बिक्री मूल्यबाट घटाइ मूल्याङ्कन गर्ने विधिको प्रयोग गर्दा दफा ९, १४ वा १५ बमोजिम भन्सार मूल्य कायम गर्न नसकिएमा मात्र प्रयोग गर्नुपर्दछ ।

(३) दफा ९, १४ वा १५ को प्रयोग गर्दा पैठारी भएको मालवस्तु नेपालमा बिक्री नहुँदैको अवस्थामा मूल्य कायम गरिन्छ भने यस दफाको प्रयोग पैठारी भएको सामान वा समरूपको मालवस्तु वा मिल्दोजुल्दो मालवस्तुको नेपालमा असम्बन्धित व्यक्तिलाई गरिएको बिक्री मूल्यबाट पैठारी भएदेखि बिक्री गर्दासम्मको अवस्थाका निश्चित खर्च र मुनाफा कटाई मूल्य कायम गर्नुपर्छ ।

(४) यस दफा बमोजिम मूल्य कायम गर्दा देहायका कुराहरूलाई ध्यानमा राखी मूल्य कायम गर्नुपर्दछ र त्यस्ता शर्तहरू पूरा नभएको अवस्थामा यस विधि अनुसार मूल्य कायम गर्न हुँदैन:-

(क) नेपालमा बिक्री गर्दा निम्न शर्तहरू पूरा भएकोः

(अ) पैठारी गरेकै अवस्थामा त्यस्तो मालवस्तु नेपालभित्र बिक्री गरिएको हुनुपर्ने,

(आ) पैठारी भएको मालवस्तु वा समरूपका मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु नेपालभित्र बिक्री हुँदा समान अवस्था र एउटै समय वा करिव करिव सोही समयमा बिक्री भएको हुनुपर्ने,

(इ) यदि पैठारी गर्दाको समय वा करिव करिव सोही समयमा कुनै बिक्री भएको छैन भने मूल्याङ्कन गरिने मालवस्तु पैठारी गरेको मितिले विगत ९० दिन भित्रको निकटतम समयमा भएको अधिकतम समष्टीगत बिक्री परिमाण (Greatest Aggregate Quantity) लाई प्रयोग गनुपर्ने,

(ई) यदि उपखण्ड (अ), (आ) र (इ) अनुसारको शर्त पूरा गरी बिक्री गरेको नपाइएमा र सो मालवस्तु प्रशोधन गरेर मात्र बिक्री हुने भएमा पैठारीकर्ताको अनुरोधमा मूल्याङ्कन गरिने मालवस्तु प्रशोधन भएपछिको बिक्रीलाई पनि उपयोगमा ल्याउन सकिन्छ र प्रशोधनमा लागेको खर्चलाई समायोजन गर्नुपर्दछ ।

(उ) नेपालको पैठारीकर्ता वा क्रेताले आपूर्तिकर्तालाई प्रत्यक्ष वा परोक्ष रूपमा मूल्याङ्कन गरिने मालवस्तुका निमित्त कुनै सहयोग (Assists) उपलब्ध गराएको हुनुहुँदैन।

(ऊ) पैठारी गरेपछि पहिलो व्यापारिक तह (Commercial Level) बाट खरीद गर्ने खरीदकर्ता र पैठारीकर्ता सम्बन्धित व्यक्ति हुनुहुँदैन ।

(ख) अधिकतम इकाईहरूमा वेचिएको इकाई मूल्य स्थापित हुनुपर्दछ । व्यापारिक बीजकले ती इकाई मूल्य स्थापित गर्ने प्राथमिक आधारको रूपमा काम गरेको हुनुपर्छ ;

(ग) निम्न खर्चहरू घटाएर भन्सार मूल्य कायम गर्नु पर्दछ ।

(अ) नेपालमा पैठारी भएको उस्तै वर्ग र प्रकारका सामानको लागि भुक्तानी भएको वा भुक्तानी गर्न मन्जुर गरिएको कमिशन वा बिक्रीसँग सम्बन्धित भएको अतिरिक्त नाफा र सामान्य खर्च,

(आ) भन्सार विन्दुबाट जाँचपास भैसकेपछि पैठारीकर्ताको कारोबार स्थलमा पुग्न लाग्ने यातायात खर्च, बीमा र सम्बद्ध खर्चहरु,

(इ) आवश्यक देखिएको अवस्थामा सम्झौताको धारा ८ को अनुच्छेद २ अनुसारको खर्च र दस्तुरहरू,

(ई) पैठारी गरिएको वा सामान बिक्री गरेको कारणले नेपालमा तिर्नुपर्ने भन्सार महसुल र अन्य करहरू,

(उ) जडान गर्दा र प्रशोधन गर्दा भएको मूल्य अभिवृद्धि रकम,

<u>यस दफासँग सम्बन्धित केही उदाहरणहरूः–</u>

उदाहरणः १

(क) निम्नानुसारको परिमाणमा निम्न अनुसार बिक्री मूल्य प्राप्त छः

बिक्री परिमाण इकाई	इकाई मूल्य	कुल	
४०	१००	प्रति इकाई मूल्य	कुल बिक्री
३०	९०	९०	३०+३५=६५
१५	१००	९५	५०
५०	९५	१००	४०+१५+५=६०
२५	१०५	१०५	२५
३५	९०		
५	१००		

प्रस्तुत अवस्थामा अधिकतम् समष्टीगत परिमाणमा भएको बिक्री इकाई र यस दफाको प्रयोजनको लागि कुन मूल्यलाई आधार वनाउनु पर्छ ?

उत्तरः

(क) अधिकतम् परिमाणमा बिक्री भएको परिमाण ६५ हो र बिक्री मूल्य ९० हुन्छ ।

(ख) निम्नानुसारको परिमाणमा निम्न अनुसार बिक्री मूल्य प्राप्त छ।

बिक्री परिमाण इकाई	इकाई मूल्य	बिक्री संख्या
१–१०	१००	१० पटक बिक्री संख्या ५
		५ पटक बिक्री संख्या ३
११-२५	९५	५ पटक बिक्री संख्या ११
२५ भन्दा बढी	९०	१ पटक बिक्री संख्या ३०
		१ पटक बिक्री संख्या ५०
प्रस्तुत अवस्थामा कुन इकाई मूल्यमा भएको बिक्री अधिकृतम समाष्टीगत बिक्री हो ?		
उत्तरः		
	इकाई मूल्य १०० मा	बिक्री ६५ इकाई
	इकाई मूल्य ९५ मा	बिक्री ५५ इकाई
	इकाई मूल्य ९० मा	बिक्री ८० इकाई
यहाँ एउटै मूल्यमा समष्टीगत अधिकतम बिक्री ८० हो र इकाई मूल्य ९० हो ।		
(ग) निम्न अनुसारको परिमाणमा निम्नअनुसार बिक्री मूल्य प्राप्त छ। कुन मूल्य इकाईमा अधिकतम समष्टी बिक्री हो ?		
बिक्री परिमाण इकाई	इकाई मूल्य	
५०० वटा	९५	
४०० वटा	९०	

प्रस्तुत अवस्थामा ९५ मा अधिकतम समष्टीगत बिक्री भएकोले इकाई मूल्य ९५ लाई नै आधार लिनुपर्छ ।

उदाहरण २: प्रशोधन पछिको बिक्रीमा प्रशोधन खर्च समेत समायोजन गरिएको बिक्री मूल्य

अर्ध प्रशोधित रसायन पैठारी गरी प्रशोधन गर्दा यसको भौतिक र रासायनिक रूपमै परिवर्तन भएको छ । तयारी मालवस्तुलाई ३० प्रति ग्राममा बिक्री गरिएको छ । मूल्यमा निम्नानुसार खर्च जोडिएको छः

९	पैठारी पश्चातको प्रशोधन खर्च
२०%	बिक्री मूल्यमा नाफा
४	परिवहन खर्च र सामान्य खर्च
१०%	महसुल दर

__प्रस्तुत अवस्थामा घट्दो मूल्य कायम गर्ने तरिकाः__

महसुल, आन्तरिक खर्च र नाफा समेत जम्मा २० घटाउनु पर्ने

बिक्री मूल्य ३०

प्रशोधन खर्च – ९

नाफा – ६ (३० को २०%)

परिवहन र सामान्य खर्च ४

महसुल (१०%) १

पैठारी मूल्य १०

घट्दो मूल्य (Deductive Value)१० हो र पैठारी भएको अर्ध प्रशोधित मालवस्तुको मूल्य कायम गर्न प्रयोग हुन सक्छ ।

१८. <u>गणना मूल्य अनुसार मूल्य निर्धारण गर्ने विधि (Computed Value Method)</u>: – (१) मूल्याङ्कन गरिने मालवस्तु उत्पादन वा निर्माण गर्न लागेको खर्च र सो मालवस्तु पैठारीकर्तालाई बिक्री गर्दा बिक्रेताले लिएको वा लिन सक्ने मुनाफा समेत गणना गरी ऐनको दफा १३ को उपदफा (११) बमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिन्छ । दफा ९, १४, १५ र १७ बमोजिम मूल्य कायम गर्न नसकिएको अवस्थामा यो विधि अनुसार भन्सार मूल्य कायम गर्नुपर्दछ।

तर दफा १७ मा उल्लिखित मूल्याङ्कनको विधिभन्दा पहिले यो विधि अनुसार मूल्य निर्धारण गरिदिनका लागि पैठारीकर्ताले अनुरोध गरेमा भन्सार अधिकृतले सोही बमोजिम गर्नुपर्दछ र यस विधि अनुसार मूल्य निर्धारण गर्न नसकिने अवस्था भएमा पुनः दफा १७ बमोजिम मूल्य कायम गर्न सकिने छ ।

गणना मूल्य विधि (Computed Value Method) अनुसार मूल्य निर्धारण गर्दा भन्सार मूल्य कायम हुने अवस्था र आवश्यक प्रावधानहरूका सम्बन्धमा सम्झौताको धारा ६ मा भएको व्यवस्था देहाय बमोजिम रहेको छ । “**धारा ६.१.** पैठारी भएको मालवस्तुको भन्सार मूल्य प्रस्तुत धारा अन्तर्गत गणना मूल्यमा आधारित हुन्छ । गणना मूल्यमा देहायका रकमहरू पर्दछन्:

(क) पैठारी भएको मालवस्तु उत्पादन गर्दा लागेको सामग्री र फेव्रिकेशन अथवा अन्य प्रशोधनको लागत वा मूल्य;
(ख) उत्पादकले पैठारी गर्ने मुलुकमा निकासी गर्दा प्राप्त गरेको, मूल्याङ्कन गरिने मालवस्तु जस्तै समान स्तर र समान किसिमको मालवस्तु बिक्री गर्दा सामान्यतया प्रतिविम्बित हुने, नाफा तथा साधारण खर्च बापतको रकम;
(ग) सदस्य (राष्ट्र) ले धारा ८ को अनुच्छेद २ अन्तर्गत छानेको मूल्याङ्कनको विकल्प प्रतिविम्वित गर्न आवश्यक पर्ने अन्य खर्चको लागत वा मूल्य ।
धारा ६.२. कुनै पनि सदस्य राष्ट्रले आफ्नो देशमा बसोबास नगर्ने व्यक्तिलाई गणना मूल्य निर्धारण गर्ने प्रयोजनको लागि राखिएको कुनै हिसाव किताव तथा अन्य अभिलेख परीक्षणको लागि देखाउन वा त्यस्तो चीजको पहुँचको अनुमति दिनका लागि वाध्य पारिने छैन। तर यस धारा अन्तर्गत भन्सार मूल्य निर्धारण गर्ने प्रयोजनको लागि उत्पादकले उपलव्ध गराएको जानकारी पैठारी गर्ने अर्को देशका अधिकारीहरूले उत्पादकको सहमती भए नभएको विषयमा जाँच गर्न सक्नेछन्। तर त्यस्ता अधिकारीहरूले सम्बन्धित देशको सरकारलाई तत्सम्बन्धमा पूर्व सूचना दिएको हुनुपर्नेछ र त्यस्तो सरकारले यसमा आपत्ति जनाएको हुनुहुँदैन ।"

(२) यस दफा बमोजिम भन्सार मूल्य निर्धारण गर्दा निर्यात गर्ने मुलुकले पैठारी गर्ने मुलुकको लागि समान स्तर वा समान किसिमको

मालवस्तुको बिक्री गर्दा देखाएको उत्पादन लागत तथा नाफा रकम र साधारण खर्चको आधारमा गर्नुपर्दछ ।

(३) यस दफा बमोजिम भन्सार मूल्यको हिसाव गर्दा देहाय बमोजिम गर्नुपर्दछः

(क) सर्वप्रथम निम्न अनुसारको लागत शुल्क र खर्चको समष्टीगत मूल्य निर्धारण गर्नुपर्दछः

(१) पैठारी भएको सामान उत्पादन गर्दा प्रयोग भएको पदार्थ र

(२) पैठारी भएको सामानको उत्पादन र अन्य प्रशोधन खर्च प्रत्यक्ष वा अप्रत्यक्ष श्रम, कारखानाको अन्य खर्च।

(ख) यदि माथि (१) र (२) मा निम्न खर्चहरू नजोडेको भए ती खर्चहरू समेत जोड्नु पर्दछः

(१) प्याकिङ्ग गर्दा लागेको खर्च र शुल्क,

(२) साधारणतया लेखाको स्वीकृत सिद्धान्त अनुसार तर्कपूर्ण ढंगले समष्टीगतरूपमा गरेको सहयोग (Assists) वापतको खर्च,

(३) नेपालमा तयार गरिएको र उत्पादकबाट असुल गरिएको कालीगढी (इन्जिनियरिङ्ग), कला कार्य (आर्टवर्क) आदि बापतको खर्च,

(ग) उत्पादकले नेपालमा निकासी गर्ने समानस्तर वा समान किसिमका मालवस्तुमा देखाउँदै आएको निर्यात बिक्रीको नाफा र साधारण खर्चको रकम,

(घ) सम्बन्धित बन्दरगाह तथा नेपालको सीमासम्म लागेको ढुवानी, बीमा, लोडिङ्ग, अनलोडिङ्ग र ह्यान्डलिङ्ग खर्च ।

(४) यस दफा बमोजिम भन्सार मूल्य निर्धारण गर्ने केही उदाहरणहरू देहाय बमोजिम छन्ः

उदाहरण १: लागत गणना

कुनै बिक्रेताले आफ्नो मातहतका निकायलाई टर्वाइन निकासी गरेको छ। त्यसको लागत विवरण निम्नानुसार छः

कच्चापदार्थको मूल्य रु. ४०००

बनावट मूल्य रु. ३५००

साधारण खर्च रु. ३५०

नाफा रु. १५७०

प्याकिङ्ग रु. ५८०

जम्मा रु. १०,०००

सामान्य खर्च र नाफा कच्चापदार्थ र श्रमको २५ प्रतिशत चलन चल्तीमा छ ।

सामानको इन्जिनियरिङ्ग ड्रइङ्ग पैठारी भएको मुलुकमा भएको छ र यसको लागत रु.५०० छ । रु.५०० लाई माथि देखाइएको मूल्यमा समावेश गरिएको छैन । भाडा र बीमालाई समावेश नगर्दा गणना मूल्य के हुन्छ ?

<u>**उत्तर:**</u> रु.१०००० नै गणना मूल्य हुन्छ । किनकि ड्रइङ्ग कार्य पैठारी भएको मुलुकमै भएको छ । पदार्थ र श्रमको २५ प्रतिशत नाफा र

सामान्य खर्च भन्नाले रु.७५०० को २५ प्रतिशत = रु.१८७५ हुन्छ । यहाँ रु.१९२० देखाइएको सामान्यतः ग्राह्य नै मान्नुपर्छ ।

उदाहरण २: लागत गणना

ट्राफिक नियन्त्रणमा प्रयोग हुने रिफ्लेक्टर पैठारी भएको छ र निम्न सूचनाहरू प्राप्त भएको अवस्थामा गणना मूल्य निम्न अनुसार हुन्छः

मेटलको लागत रु. ७.००

रबरको लागत रु.५.००

श्रम रु.३.००

सामान्य खर्च रु.३.७०

प्याकिङ्ग खर्च रु.१.१०

नाफा रु. १.३०

जम्मा रु.२१.१०

निर्यातकर्ताको भनाइ अनुसार प्रति रिफ्लेक्टरको वाइण्डिङ्ग पदार्थमा निकासी गर्ने मुलुकमा ०.२० अन्तःशुल्क लागेको छ र सो अन्तःशुल्क निकासी पश्चात फिर्ता पाउँछ । ढुवानी र वीमा खर्चलाई समावेश नगर्दा लागत मूल्य के हुन्छ ?

प्रस्तुत अवस्थामा लागत मूल्य रु. २१.१० नै हुन्छ । वाइण्डिङ्ग पदार्थमा लागेको अन्तःशुल्क रिफ्लेक्टर निकासी पश्चात फिर्ता हुने हुँदा लागतमा जोड्नु पर्दैन ।

१९. <u>मनासिव आधारमा मूल्य निर्धारण गर्ने विधि (Fallback Method)</u>:– (१) मूल्याङ्कन सम्बन्धी अन्य दफाहरूमा उल्लेख भएका विधिहरूबाट भन्सार मूल्य कायम गर्न नसकिएको अवस्थामा ऐनको दफा १३ को उपदफा (१२) बमोजिम भन्सार मूल्य कायम गर्नुपर्दछ ।

मनासिव आधारमा मूल्य निर्धारण गर्ने विधि लागू हुने अवस्था र आवश्यक प्रावधानहरू सम्वन्धमा सम्झौताको धारा ७ मा देहाय बमोजिमको व्यवस्था छः “धारा ७.१. पैठारी भएको मालवस्तुको भन्सार मूल्य धारा १ देखि ६ बमोजिम निर्धारण गर्न नसकिएमा यस सम्झौताका सिद्धान्त तथा सामान्य सम्झौता १९९४ को धारा VII का प्रावधानहरूसँग मिल्ने गरी र पैठारी गरिएको देशमा उपलव्ध भएको तथ्याङ्कको आधार जस्ता उपयुक्त विधिहरू अपनाई भन्सार मूल्य निर्धारण गरिनेछ । ७.२. यस धारा बमोजिम निम्न लिखित आधारमा भन्सार मूल्य निर्धारण गरिने छैनः (क) पैठारी गर्ने देशमा उत्पादन गरिएको मालवस्तुको बिक्री मूल्य, (ख) भन्सार प्रयोजनको लागि दुई वैकल्पिक मूल्य मध्येको बढी मूल्य स्वीकार गर्ने पद्धति, (ग) मालवस्तु निर्यात गर्ने देशको आन्तरिक वजारको मूल्य, (घ) गणना मूल्य वाहेकको उत्पादन लागत, जुन धारा ६ बमोजिम समरूपको वा मिल्दोजुल्दो मालवस्तुको लागि निर्धारण गरिएको छ,

(ङ) पैठारी गर्ने देश वाहेक अन्यत्र निर्यात गरिने मालवस्तुको मोल,
(च) न्यूनतम भन्सार मूल्य, वा
(छ) स्वेच्छाचारी वा काल्पनिक मूल्यहरू ।
७.३. पैठारीकर्ताले अनुरोध गरेमा, यस धाराका व्यवस्थाहरू अन्तर्गत निर्धारण गरिएको भन्सार मूल्यको तथा त्यस्तो मूल्य निर्धारण गर्न प्रयोग गरिएको विधिको बारेमा पैठारीकर्तालाई लिखित रूपमा जानकारी गराइनेछ।"

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम मूल्याङ्कनका अन्य कुनै पनि विधि अनुसार पैठारी भएको मालवस्तुको मूल्य कायम गर्न सकिएन भने अन्तिम रूपमा यस दफा बमोजिम भन्सार मूल्य कायम गर्नु पर्छ। अन्य विधिहरूबाट मूल्य कायम गर्न नसकिने अवस्थाहरू निम्न अनुसार हुन सक्दछन्:

(क) स्थायी रूपको निकासी/बिक्री नभई लिज वा भाडामा कारोबार भएको अवस्था,
(ख) समरूपका मालवस्तु वा मिल्दोजुल्दो मालवस्तु पहिले पैठारी नभएको अवस्था,
(ग) पैठारी भएको मालवस्तु नेपालभित्र बिक्री नभएको अवस्था अर्थात पैठारी भई पुनः निकासी भएको अवस्था,
(घ) उत्पादकको पहिचान नभएको वा निजले आवश्यक विवरण दिन नचाहेको अवस्था ।

(३) यस दफा बमोजिम मूल्य कायम गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्दछः

(क) प्राप्त सूचना र जानकारीहरूको आधारमा विवादित नहुने गरी औचित्यपूर्ण विधिबाट भन्सार मूल्य कायम गर्नुपर्छ,

(ख) अन्य दफाहरूमा उल्लेख भएका मूल्याङ्कन सम्बन्धी प्रावधान र त्यसको आधारमा भएको मूल्य निर्धारणलाई मध्यनजर राखी लचिलोपन अपनाएर मूल्य निर्धारण गर्नुपर्छ, यस सम्बन्धी केही उदाहरण तल उल्लेख गरिएका छन्:

(१) मुख्यतः सोही समयमा वा करिब करिब सोही समयमा भनिएको समय - तत्व र सोही देशमा उत्पादन भएको भनिएको प्रावधानमा लचकता अपनाएर अन्य देशमा उत्पादन भएको मिल्दोजुल्दो मालवस्तुको मूल्यलाई पनि आधार वनाउन सकिन्छ।

(२) दफा १७ बमोजिम बिक्री मूल्यबाट घटाई मूल्याङ्कन गरिएको अवस्थाको मालवस्तु र दफा १८ बमोजिम गणना मूल्य बमोजिम मूल्याङ्कन गर्ने प्रावधानहरूमा लचकता अपनाई मूल्य कायम गर्न सकिन्छ ।

(३) मूल्याङ्कनका अन्य विधिहरूको क्रमबद्धतालाई आधार नबनाई जुनसुकै विधिलाई पनि औचित्यपूर्ण रूपमा लचकता प्रदान गरी यो विधिको प्रयोगद्वारा मूल्य कायम गर्न सकिन्छ ।

(४) यस दफा बमोजिम भन्सार मूल्य कायम गर्दा देहायका आधारमा गर्नुहुदैनः

(क) पैठारी गर्ने देशमा उत्पादन गरिएको मालवस्तुको बिक्री मूल्य,

(ख) भन्सार प्रयोजनको लागि दुई वैकल्पिक मूल्य मध्येको बढी मूल्य,

(ग) मालवस्तु निर्यात गर्ने देशको आन्तरिक बजार मूल्य,

(घ) मालवस्तु उत्पादन लागत (समरूपका वा मिल्दोजुल्दो मालवस्तुको लागि दफा १८ बमोजिम निर्धारण गरिएको गणना मूल्य वाहेक),

(ङ) नेपाल वाहेक अन्यत्र निकासी गरिने मालवस्तुको मूल्य,

(च) न्यूनतम भन्सार मूल्य, वा

(छ) स्वेच्छाले तोकेको वा काल्पनिक मूल्यहरू ।

२०. <u>**विदेशी मुद्रामा मूल्याङ्कन गरिने**</u>:– नेपालमा पैठारी हुने मालवस्तुको कारोबार मूल्य कायम गर्दा सामान्यतः विदेशी मुद्रामा गरिन्छ । पैठारीको अवस्थामा भन्सार महसुल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रूपैयाँमा परिवर्तन गर्दा सो मालवस्तुको प्रज्ञापनपत्र कार्यालयमा दर्ता भएको वा कम्प्युटर प्रणाली मार्फत् कार्यालयमा प्राप्त भएको दिन नेपाल राष्ट्र बैंकबाट तोकिएको विदेशी मुद्राको बिक्री दरको आधारमा गर्नुपर्दछ । नेपाल राष्ट्र बैंकबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई

अमेरिकी डलरमा परिवर्तन गर्दा हुने अमेरिकी डलरको बिक्री मूल्यवाट परिवर्तन दर कायम गर्नुपर्दछ ।

२१. **<u>अधिकतम खुद्रा बिक्री मूल्य (MRP) सम्बन्धी व्यवस्थाः</u>–** (१) नेपाल सरकारले राजपत्रमा प्रकाशन गरी तोकेका मालवस्तुहरूको ब्राण्ड, क्षमता तथा प्रति इकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) पैठारीकर्ताले राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्दा अनुसूची -३ वमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ। यसरी प्रकाशित भएको मूल्य सूचीको सूचना तथा अधिकतम खुद्रा बिक्री मूल्य गणना गर्दा प्रयोग भएको लागत सूची (Cost Sheet) अनुसूची-४ को ढाँचामा तयार गरी मालवस्तु मूल्याङ्कन गर्दा साथै राख्नुपर्नेछ ।

(२) यसरी प्रकाशन भएको अधिकतम खुद्रा बिक्री मूल्य र पेश भएको लागत सूचीको विश्लेषण समेत गरी भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।

२२. **<u>नगद छुट र वस्तुगत छुट (Treatment for Cash Discount and Quantity Discount)</u>:–** आपूर्तिकर्ताले सम्पूर्ण खरीदकर्तालाई समान रूपमा प्रदान गरेको छुट (मूल्यगत वा वस्तुगत) लाई मान्यता दिनुपर्दछ। यसरी छुट दिंदा आपूर्तिकर्ताले सम्पूर्ण क्रेताहरुलाई समान रूपमा छुट प्रदान गरेको तथ्य पुष्टि हुनुपर्दछ। सो तथ्य पुष्टि हुन नसकेमा छुट दिएको अंशलाई मूल्यबाट घटाउनु हुँदैन ।

२३. **<u>आंशिक रूपमा चलान भई आएका मालवस्तुहरूको मूल्याङ्कन</u>** **<u>(Valuation on Split Shipment)</u> :–** एकल बीजकबाट पैठारी भएका तर ढुवानीका साधन वा अन्य कारणबाट आंशिक रूपमा चलान भई आएको अवस्थामा बीजकमा उल्लेखित सम्पूर्ण मालवस्तुहरूको ऐनको दफा १३ बमोजिम एकै पटक मूल्याङ्कन गर्नुपर्दछ र सोको जानकारी सम्बन्धित पैठारीकर्तालाई दिनु पर्नेछ ।

२४. **<u>लिज वा दीर्घकालीन करार अन्तर्गतको मालवस्तुको मूल्याङ्कन</u>** **<u>(Valuation of Rental or Leased Contract Sale)</u>**:– लिज वा दीर्घकालीन करार अन्तर्गत पैठारी भएका मालवस्तुहरूको मूल्य दुई पक्षबीच भएको सम्झौताको पूर्ण अवधिमा सो मालवस्तु वापत भुक्तानी हुने रकमलाई आधार मानी कायम गर्नु पर्नेछ।

परिच्छेद -५

मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था

२५. **अस्थायी रूपमा मूल्य निर्धारण गर्नुपर्ने अवस्था**ः– ऐनको दफा १४ बमोजिम देहायका अवस्थाहरूमा अस्थायी मूल्य निर्धारण गर्नुपर्छ ।

(क) दफा ९ अनुसार कारोबार मूल्य कायम गर्न मूल्याङ्कनको लागि आवश्यक पर्ने कागजात तथा अन्य जानकारी पैठारीकर्ताले मनासिव कारण देखाई तत्काल उपलब्ध गराउन नसक्ने भनि निवेदन दिएमा,

(ख) पैठारीकर्ताले उपलव्ध गराएको कागजात र जानकारीका सम्बन्धमा थप जाँचबुझ गर्नुपर्ने देखिएमा,

(ग) मालवस्तुको प्रयोगशाला परीक्षण वा अन्य जाँच गरेपछि मात्र भन्सार मूल्य निर्धारण गर्नुपर्ने वा गर्न सकिने भएमा,

(घ) दफा १७ अनुसार घट्दो मूल्य विधि बमोजिम मूल्य निर्धारण गर्नु परेमा ।

२६. **अस्थायी रूपमा निर्धारण गरिएको मूल्यलाई पुनः स्थायी मूल्य निर्धारण गर्नुपर्ने**ः– अस्थायी मूल्य निर्धारण भएको तीस दिनभित्र आवश्यक जाँचबुझ सम्पन्न गरी भन्सार अधिकृतले स्थायी भन्सार मूल्य निर्धारण गर्नुपर्नेछ ।

२७. **भन्सार अधिकृतले अनुमानित भन्सार मूल्य निर्धारण गर्न सक्ने**ः– व्यक्तिगत प्रयोजनको लागि यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धमा जारी आदेश अन्तर्गत पैठारी भएको मालवस्तु वा विदेशी मुलुकबाट उपहार वा नमूना स्वरूप प्राप्त

गरी पैठारी भएको मालवस्तु वा राहत सामग्रीको कारोबार मूल्य खुलाउन नसक्ने कारण जनाई सो मालवस्तुको धनीले मूल्याङ्कन गरिदिन निवेदन दिएमा र सो व्यहोरा भन्सार अधिकृतलाई उपयुक्त लागेमा वा मूल्य नखुलेको अवस्थामा पेश हुन आएमा निजले त्यस्तो मालवस्तुको अनुमानित भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।

उपर्युक्त बमोजिम मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा यस्ता मालवस्तुको परिमाण एवं मालवस्तुको प्रयोग समेतको आधारमा भन्सार मूल्य निर्धारण गर्न सकिनेछ ।

२८. <u>पुराना सवारी साधन एवम् यन्त्र उपकरणहरूको मूल्य निर्धारण:</u>– (१) कुटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेण्टी वा धरौटीमा पैठारी भएका वा अन्य संघ, संस्थाको नाममा पूर्ण वा आंशिक भन्सार महसुल वा निजी प्रयोगका लागि छुटमा पैठारी भएका सवारी साधन एवम् यन्त्र उपकरण नेपाल भित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन एवम् यन्त्र उपकरणहरूको भन्सार महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक दश प्रतिशतको दरबाट अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नुपर्नेछ।

तर, एक वर्ष भन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गर्नु हुँदैन ।

उदाहरणको लागि कुनै सवारी साधनको मूल्य रू.१०० छ भने १ वर्ष पुरा भएको सवारी साधनको लागि १० प्रतिशतले ह्रासकट्टी गर्दा रु.९० बांकी रहन आउँछ । दोश्रो वर्ष रू.९० मा १० प्रतिशत ह्रासकट्टी दिदा रू.९ मात्र घट्न गै रू.८१ हुन आउछ । एवं रीतले ह्रासकट्टी दिई बांकी रहन आउने मूल्यलाई अवशिष्ट मूल्य भनिन्छ । माथिको उदाहरणमा २ वर्ष पुराना सवारी साधनको लागि ह्रास कट्टी दिई बाकी रहन आएको रू.८१ अवशिष्ट मूल्य हो ।

(२) उपदफा (१) बमोजिम पैठारी भएका सवारी साधनहरूको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनहरूको मूल्यभन्दा धेरै कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी उपदफा (१) बमोजिम सवारी साधनहरूमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गर्नुपर्दछ । पैठारी हुनुपूर्व विदेशमा व्यतीत भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गर्नुपर्दछ ।

कूटनीतिक सुविधा, महसुल सुविधा, पूर्ण वा आंशिक महसुल छुटमा पहिले पैठारी भई पछि महसुल वुझाउने मालवस्तुको भन्सार मूल्यलाई नेपाली रूपैयामा परिवर्तन गर्दा बाँकी महसुल वुझाउने दिनमा नेपाल राष्ट्र वैंकवाट तोकिएको विदेशी मुद्राको बिक्रीदरको आधारमा गर्नुपर्दछ ।

<u>उदाहरण :</u> – नेपालमा संचालित कुनै आयोजनाले ५ वर्षअघि पैठारी गरेको टोयोटा कारको मूल्य जापानिज येन १६ लाख छ । त्यसको ५ वर्षको ह्रासकट्टी दिंदा देहाय बमोजिमको मूल्य कायम हुन्छ:

(क) पैठारीको अवस्थामा भन्सारले कायम गरेको मूल्य (जापानिज येनमा) १६ लाख

(ख) पाँच वर्षको ह्रासकट्टी दिदा बाकी रहने मूल्य (जापानिज येनमा) ९ लाख ४४ हजार सात सय चौरासी

पैठारी मूल्य जापानिज येनमा	ह्रासकट्टी पछिको मूल्य पहिलो वर्ष	ह्रासकट्टी पछिको मूल्य दोस्रो वर्ष	ह्रासकट्टी पछिको मूल्य तेस्रो वर्ष	ह्रासकट्टी पछिको मूल्य चौथो वर्ष	ह्रासकट्टी पछिको मूल्य पाँचौ वर्ष
१६,००,०००	१४,४०,०००	१२,९६,०००	११,६६,४००	१०,४९,७६०	९,४४,७८४

(ग) बाँकी महसुल वुझाउने दिनमा जापानिज येन र नेपाली रूपैयाको परिवर्तन दर मानौ १० जापानीज येन बराबर ने. रू. ९ छ,

(घ) नेपाली रूपैयामा कायम हुने मूल्य रू.९४४७८४×९/१० =रू. ८५०३०६ हुन्छ ।

यसरी ह्रास कट्टी दिंदा पाँच वर्ष भन्दा बढी पुरानो भएपनि पाँच वर्षभन्दा वढीको ह्रासकट्टी दिनु हुँदैन। पैठारी हुँदा उत्पादन भएको मितिले विदेशी मुलुकमा व्यतीत भैसकेको अवधि कटाएर मात्र बाँकी अवधिको ह्रास कट्टी दिनुपर्दछ । उत्पादन भएको मितिले विदेशमै ५ वर्ष व्यतीत भै सकेका सवारी साधनहरूलाई ह्रासकट्टी दिन मिल्दैन।

२९. **<u>महानिर्देशकले पुनः भन्सार मूल्य निर्धारणको लागि आदेश दिन सक्ने</u>**:– (१) महानिर्देशकले पुनः मूल्य निर्धारणका लागि भन्सार अधिकृतलाई आदेश दिन सक्ने सम्बन्धमा ऐनको दफा १३ को उपदफा (१७), (१८) र (१९) मा भएको व्यवस्था :-

> "(१७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम भन्सार अधिकृतले भन्सार मुल्य निर्धारण गर्दा यस दफामा उल्लेख भएका विधि वा प्रक्रिया अनुकुल नभएमा वा सो मूल्य शंकास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा त्यस्तो मालवस्तुको यस दफा बमोजिम पुनः मूल्य निर्धारण गर्न महानिर्देशकले आदेश दिन सक्नेछ ।
>
> (१८) उपदफा (१७) बमोजिम आदेश प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र पुनः भन्सार मूल्य निर्धारण गरी महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।
>
> (१९) उपदफा (१७) बमोजिम आदेश दिदा महानिर्देशकले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले नब्बे दिन भित्र दिनु पर्नेछ ।"

(२) उपदफा (१) बमोजिम महानिर्देशकले पुनः मूल्य निर्धारणको लागि भन्सार अधिकृतलाई आदेश दिंदा देहायका मध्ये कुनै सूचनाको आधार लिन सक्नेछः

(क) अर्थ मन्त्रालय वा भन्सार विभागमा प्राप्त उजुरी वा गुनासो,

(ख) प्रत्यक्ष अनुगमन प्रणालीबाट प्राप्त सूचना,

(ग) नेपाल भन्सार स्वचालन प्रणाली (NECAS)बाट प्राप्त सूचना,

(घ) नियामक निकायहरुबाट प्राप्त सूचना,

(ङ) अन्तर भन्सार सूचना प्रवाहबाट प्राप्त सूचना,

(च) स्थलगत निरीक्षण वा अनुगमनबाट प्राप्त सूचना,

(छ) वेबसाइट वा इन्टरनेटबाट प्राप्त सूचना तथा जानकारीहरु,

(ज) पछिल्लो नब्बे दिन भित्र मूल्याङ्कन डाटाबेसमा रहेको मूल्य,

(झ) अन्तर्राष्ट्रिय भन्सार प्रशासनबाट प्राप्त सूचना,

(ञ) अन्य कुनै माध्यमबाट प्राप्त सूचना ।

(३) भन्सार अधिकृतले उपदफा (१) बमोजिमको आदेश प्राप्त गरेपछि तीस दिनभित्र देहायका सूचनाका आधारमा पुनः भन्सार मूल्य निर्धारण गर्नु पर्नेछः

(क) त्यस्ता मालवस्तुको सम्वन्धमा भन्सार मूल्य निर्धारण गर्दा ऐनको दफा १३ मा उल्लेखित मूल्याङ्कनका विधिहरू पूर्ण रूपमा पालना भएका छन्/छैनन् ,

(ख) त्यस्ता मालवस्तुको सम्बन्धमा निर्धारण गरिएको मूल्य र यसपूर्व आफ्नै कार्यालय वा अन्य कार्यालयबाट निर्धारण गरिएको भन्सार मूल्यका बीचमा तादात्म्यता छ/छैन,

(ग) त्यस्ता मालवस्तुको सम्बन्धमा वेबसाइटमा मूल्य सम्बन्धी सूचनाहरू उपलब्ध छन्/छैनन्,

(घ) त्यस्ता मालवस्तुको सम्बन्धमा अन्य आधिकारिक निकायबाट मूल्य सम्बन्धी सूचनाहरू प्राप्त भएका छन्/छैनन्,

(ङ) त्यस्ता मालवस्तुहरूको सम्बन्धमा भन्सार जाँचपास परीक्षण कार्यालय वा आन्तरिक राजस्व विभाग वा कार्यालयबाट मूल्य सम्बन्धमा केही सूचना प्राप्त भएका छन्/छैनन्,

(च) त्यस्ता मालवस्तुहरूको पहिले निर्धारण गरिएको मूल्य, उपलब्ध राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजार मूल्यसँग मिल्दोजुल्दो छ/छैन,

(छ) भन्सार मूल्य निर्धारण गर्न सकिने अन्य सूचना र आधारहरू ।

(४) उपदफा (३) बमोजिमका कागजात एवं सूचनाहरू अध्ययन एवं विश्लेषण गर्दा पहिले निर्धारण गरिएको भन्सार मूल्य फरक पर्ने देखिएमा भन्सार अधिकृतले सो कुराको लिखित सूचना त्यस्तो मालवस्तुको पुनः मूल्य निर्धारण गर्नुपूर्व सम्बन्धित पैठारीकर्तालाई दिनु पर्नेछ ।

(५) भन्सार अधिकृतले मालवस्तुको पुनः मूल्य निर्धारण गर्दा उपदफा (३) बमोजिमका आधार एवं सूचनाहरूको विस्तृत अध्ययन र विश्लेषण गरिसकेपछि ऐनको दफा १३ मा उल्लेखित विधि र प्रक्रिया बमोजिम नै पुनः मूल्य निर्धारण गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण गर्दा पहिले निर्धारण गरिएको मूल्यभन्दा फरक पर्न गएमा सो कुराको लिखित जानकारी सम्वन्धित पैठारीकर्तालाई दिनु पर्नेछ ।

(७) त्यस्ता मालवस्तुको पुनः भन्सार मूल्य निर्धारण गर्दा पहिले निर्धारण गरिएको मूल्य फरक पर्न गई महसुल असुल गर्नु पर्ने देखिएमा तत्काल महसुल असुल गरी महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।

३०. <u>निकासी हुने मालवस्तुको मूल्य निर्धारणः</u>– (१) नेपाल सरकारले सूचना प्रकाशित गरी मूल्य निर्धारण नगरेको अवस्थामा निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य नै निकासी गरिने मालवस्तुको भन्सार मूल्य हुन्छ । नेपाल सरकारले सूचना प्रकाशित गरी मूल्य निर्धारण गरेको अवस्थामा त्यस्तो मूल्य र निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य मध्ये जुन बढी हुन्छ सोही मूल्य नै भन्सार मूल्य हुन्छ ।

(२) निकासी हुने मालवस्तुको मूल्य विदेशी मुद्रामा कायम गर्नुपर्छ र विनिमय दर कायम गर्दा प्रज्ञापनपत्र कार्यालयमा दर्ता भएको वा कम्प्यूटर प्रणालीमार्फत कार्यालयमा प्राप्त भएको दिनमा नेपाल राष्ट्र बैङ्कबाट निर्धारण भएको विदेशी मुद्राको खरीद दरको आधारमा गर्नुपर्छ।

परिच्छेद –६

न्यून बीजकीकरणको सामान खरीद सम्बन्धी व्यवस्था

३१. न्यून बीजकीकरणः– (१) पैठारी भएको मालवस्तुका सम्बन्धमा पैठारीकर्ताले घोषणा गरेको मूल्यभन्दा ऐन बमोजिम भन्सार अधिकृतले निर्धारण गरेको मूल्य बढी भएमा त्यस्तो मालवस्तुलाई न्यून बीजकीकरण गरेको मानिनेछ।

(२) कुनै पैठारीकर्ताले न्यून बीजकीकरण गरी मालवस्तु पैठारी गरेमा ऐनको दफा १३ को उपदफा (१५) को देहाय (क) र (ख) मा भएको व्यवस्थाः-

(क) त्यसरी घटी भएको जति मूल्यमा पचास प्रतिशत थप भन्सार महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने, वा

(ख) त्यसरी घोषित मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरीद गर्ने गराउने ।

(३) उपदफा (२) बमोजिम खरीद गर्ने निर्णय भएमा नियमावलीको अनुसूची - ४ मा उल्लेख भए बमोजिमको ढाँचामा भन्सार अधिकृतले पैठारीकर्तालाई तुरून्त जानकारी दिई आवश्यक रकम भुक्तानी गरी त्यस्तो मालवस्तु खरीद गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम खरीद गरिएको मालवस्तु लिलाम बिक्री गर्ने सम्बन्धमा नियमावलीको परिच्छेद ७ बमोजिम गर्नुपर्दछ।

(५) न्यून बीजकीकरण गरी मालवस्तु पैठारी गरेकोमा मूल्य थप गरी मालवस्तु खरीद गर्ने भन्सार अधिकृतको निर्णय उपर चित्त नबुझ्ने पैठारीकर्ताले ऐनको दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समिति समक्ष त्यस्तो आदेश वा निर्णय भएको मितिले तीस दिन भित्र निवेदन दिन सक्नेछ ।

परिच्छेद -७

मूल्याङ्कन पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था

३२. मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दिन सक्नेः– (१) पैठारी भएको मालवस्तुमा भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्यमा चित्त नबुझ्ने व्यक्तिले ऐनको दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समिति समक्ष त्यस्तो आदेश वा निर्णय भएको मितिले तीस दिनभित्र निवेदन दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निवेदन दिनुअघि भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्य निर्धारण अनुसारको लाग्ने महसुल रकम सम्बन्धित कार्यालयमा धरौटीमा राख्नुपर्छ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले नियमावलीको अनुसूची -८ बमोजिमको ढाँचामा घोषित मूल्यलाई पुष्टि गर्ने थप प्रमाण समेत संलग्न राखी निवेदन दिनुपर्छ । त्यस्तो निवेदनको प्रतिलिपि निवेदन दिएको सात दिनभित्र सम्बन्धित कार्यालयमा समेत दिनुपर्छ ।

(४) मूल्याङ्कन पुनरावलोकन समितिले आफू समक्ष परेको निवेदनको सिलसिलामा आवश्यक विवरणहरू माग गरेमा सम्बन्धित कार्यालयले त्यस्तो विवरण सात दिनभित्र उपलब्ध गराउनु पर्छ ।

(५) मूल्याङ्कन पुनरावलोकन समितिले निवेदन दर्ता भएको मितिले नब्बे दिनभित्र त्यस्तो निवेदनको अन्तिम किनारा लगाउनु पर्छ र समितिले गरेको निर्णयको जानकारी निर्णय भएका मितिले सात दिनभित्र निवेदक, विभाग र सम्बन्धित कार्यालयलाई दिनुपर्छ ।

(६) मूल्याङ्कन पुनरावलोकन समितिले उपदफा (५) बमोजिम पुनरावलोकन गर्दा भन्सार अधिकृतले ऐनको दफा १३ बमोजिम गरेको भन्सार मूल्य ठीक भए नभएको सम्बन्धमा जाँचबुझ गरी भन्सार अधिकृतले गरेको भन्सार मूल्य नै कायम गर्न, बदर गर्न, त्यस्ता मालवस्तुको यस ऐन बमोजिम भन्सार मूल्य कायम गरिदिन वा भन्सार अधिकृतलाई पुनः भन्सार मूल्य कायम गर्नको लागि आदेश दिन सक्नेछ। मूल्याङ्कन पुनरावलोकन समितिले त्यसरी भन्सार मूल्य कायम गर्दा, बदर गर्दा, मूल्याङ्कन गर्दा वा पुनः मूल्याङ्कनको लागि आदेश दिंदा स्पष्ट कारण र आधार समेत खुलाउनु पर्नेछ ।

३३. <u>समितिको निर्णय उपर पुनरावेदन दिन सकिने</u> : – (१) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ । पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको सात दिन भित्र त्यस्तो पुनरावेदनको प्रतिलिपि सम्बन्धित कार्यालयलाई दिनुपर्नेछ ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझेमा भन्सार अधिकृतले उक्त निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

परिच्छेद -८

मूल्य सम्बन्धी सूचनाहरूको उपयोग

३४. मूल्य सम्बन्धी सूचनाका स्रोत:– भन्सार अधिकृतले भन्सार मूल्य कायम गर्ने क्रममा मूल्य विश्लेषण तथा घोषित मूल्यको यथार्थ परीक्षण गर्ने प्रयोजनका लागि देहायका सूचनाका स्रोतहरूलाई उपयोग गर्न सक्नेछः

(क) पहिले प्रविष्ट भएका मूल्याङ्कन घोषणा तथा निर्णयहरू,

(ख) उत्पादक वा बिक्रेताले सार्वजनिक सञ्चार माध्यममा सार्वजनिक गरेका मूल्यहरू,

(ग) अन्तर्राष्ट्रिय मूल्यसूची तथा वस्तुगत बजारको मूल्यसूची,

(घ) अन्तर्राष्ट्रिय भन्सार प्रशासनबाट प्राप्त सूचना,

(ङ) बजार मूल्य सर्वेक्षणबाट प्राप्त सूचना,

(च) भन्सार विभागमा अभिलेखित तथ्याङ्क,

(छ) वेबसाइट तथा इन्टरनेटबाट प्राप्त हुने मूल्य सूचना,

(ज) अन्य स्रोतहरूबाट प्राप्त मूल्य सम्बन्धी सूचना ।

३५. मूल्य सम्बन्धी सूचना व्यवस्थापन : – (१) विगतमा पैठारी हुन आएका सामानहरूको भन्सार मूल्यका आधारमा पछि पैठारी हुन आउने त्यस्तो सामानका लागि आवश्यक परेका बखत मूल्य तुलना तथा विश्लेषण गर्ने प्रयोजनका लागि त्यसरी पैठारी भएका मालवस्तुको भन्सार

मूल्याङ्कन डाटाबेस (Valuation Database) लाई विभाग वा कार्यालयले अद्यावधिक गरी राख्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन डाटाबेस (Valuation Database) लाई घोषित मूल्यको सत्यता परीक्षण र विश्लेषण गर्न मात्र प्रयोग गर्नुपर्दछ तर यसैका आधारमा मात्र कारोबार मूल्य अस्वीकार गर्न मिल्दैन ।

(३) उपदफा (१) बमोजिमको मूल्याङ्कन डाटाबेस (Valuation Database) तयार गर्दा मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय, जाँचपासपछिको परीक्षणबाट निर्धारण गरिएको मूल्य तथा अन्य स्रोतहरूबाट प्राप्त सूचनालाई समेत आधार लिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको मूल्याङ्कन डाटाबेस (Valuation Database) लाई सोही कार्यालय वा अन्य कार्यालयले समेत उपदफा (२) को प्रयोजनका लागि उपयोग गर्न सक्नेछ ।

(५) कार्यालयले उपदफा (१) बमोजिम को मूल्य सम्बन्धी सूचना कुनै वाह्य स्रोतबाट प्राप्त गरेको भए त्यस्तो सूचनालाई विद्युतीय सञ्चार माध्यमबाट अन्य कार्यालयहरूलाई जानकारी गराउनु पर्नेछ।

परिच्छेद -९
विविध

३६. विभागीय अनुगमनः– (१) भन्सार अधिकृतले गरेको मूल्याङ्कन सम्बन्धमा विभागले नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ । अनुगमन तथा निरीक्षणका क्रममा विभागले माग गरेका सूचना वा जानकारी वा कागजातहरू उपलब्ध गराउनु सम्बन्धित कार्यालयको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणका क्रममा विभागले दिएका निर्देशनहरू भन्सार अधिकृतले तत्काल कार्यान्वयन गरी विभागलाई जानकारी गराउनु पर्नेछ ।

३७. आन्तरिक लेखा परीक्षण गर्नुपर्नेः– (१) कार्यालयले मालवस्तु जाँचपास गरेपछि प्रज्ञापनपत्रहरूको आन्तरिक लेखा परीक्षण गरी अभिलेख राख्नु पर्नेछ । यसरी परीक्षण गर्दा मूल्याङ्कन सम्बन्धमा देहायका विषयहरूमा ध्यान दिनु पर्नेछः-

(क) मालवस्तुको यथार्थपरक मूल्य कायम भए/नभएको,

(ख) मालवस्तुको मूल्याङ्कनमा उपयुक्त विधिको अवलम्बन भए/नभएको,

(ग) मालवस्तुको यथार्थपरक घोषणा भए/नभएको,

(घ) मालवस्तुको यथार्थ वर्गीकरण भए/नभएको

(ङ) मालवस्तुको यथार्थपरक राजस्व असूल भए/नभएको,

(च) ऐन बमोजिम थप महसुल वा जरिवाना असुल गर्नुपर्ने अवस्थामा त्यस्तो रकम असुल गरे/नगरेको।

(२) उपदफा (१) बमोजिम आन्तरिक लेखा परीक्षण गर्दा राजस्व छुट भएको देखिएमा त्यस्तो छुट रकम निर्णय गरी ऐनको दफा ७४ र नियमावलीको नियम ५७ बमोजिम असुल उपर गर्नु पर्नेछ।

३८. <u>निर्णयको जानकारी दिनुपर्ने</u>:– पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्न भन्सार अधिकृतले अवलम्बन गरेको विधिका सम्बन्धमा सम्बन्धित कार्यालयमा निवेदन दिई माग गरेमा सात दिन भित्र निवेदकलाई सोको जानकारी दिनु पर्नेछ ।

३९. <u>खारेजी र बचाउ</u>:–(१) भन्सार मूल्याङ्कन निर्देशिका, २०६८ खारेज गरिएको छ ।

(२) भन्सार मूल्याङ्कन निर्देशिका, २०६८ बमोजिम भएका काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरिएको मानिनेछ ।

अनुसूचीहरु

अनुसूची–१

भन्सार मूल्य निर्धारण पर्चा
(दफा ७ सँग सम्बन्धित)

<u>कार्यालय प्रयोजनको लागि</u>

.... भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृत/भन्सार अधिकृत ....ले गरेको भन्सार मूल्य निर्धारण

१. पैठारीकर्ताको नाम र निकासी वा पैठारी संकेत नं.:

२. इन्भ्वाइस नं. र मितिः

३. मूल्याङ्कन निवेदन दर्ता नं. र मितिः

४.

क्र. सं.	मालवस्तुको विवरण	परिमाण	ब्राण्ड/ मोडेल	साइज/ आर्ट नं.	उत्पत्तिको मुलुक/राष्ट्र	प्रति इकाई घोषित मूल्य	कायम गरिएको प्रति इकाई मूल्य	भाडा	बीमा	अन्य खर्च	कुल मूल्य	कैफियत

५. घोषित मूल्यको संक्षिप्त विवरणः

६. भन्सार मूल्य निर्धारणमा प्रयोग गरिएको विधिः

७. कारोबार मूल्यलाई मान्यता नदिई भन्सार मूल्य निर्धारण गरिएको भए सो को कारणः

८. भन्सार मूल्य निर्धारण गर्दा लिइएका आधार प्रमाण सहित निर्णयको व्यहोराः

<u>भन्सार मूल्य निर्धारण गर्ने भन्सार अधिकृतको</u>

नामः

दस्तखतः

मितिः

अनुसूची-२

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

थप कागजातहरू माग गर्ने पत्रको नमूना

(भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम घोषणा गरेको मूल्य शंकास्पद देखिएकोमा थप पुष्ट्याईको लागि थप प्रमाण तथा कागजात माग्नु परेको अवस्थामा पैठारीकर्तालाई दिने पत्रको नमूना)

मिति:

....

श्री ....

निकासी वा पैठारी संकेत नं: ....

....।

विषय: थप कागजात तथा प्रमाण पेश गर्ने ।

तपाईले .... बाट इन्भ्वाइस नं .... बाट मालवस्तु पैठारी गरी यस कार्यालयमा भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (३) बमोजिम कारोबार मूल्य घोषणा गर्नु भएकोमा तपाईले घोषणा गर्नुभएको मूल्य निम्न कारणले शंकास्पद देखिएकोले तपाईले घोषणा गर्नु भएको मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण .... दिन भित्र पेश गर्नुहुन ऐनको दफा १३ को उपदफा (६) बमोजिम जानकारी गराइएको छ ।

मूल्य शंकास्पद देखिएका कारणहरू:

१. ....

२. ....

३. ....

दस्तखतः

नाम/थर:

पदः भन्सार

अधिकृत

अनुसूची–३

दफा २१ सँग सम्बन्धित

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले ....(देशको नाम) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिलः

सि.नं.	मालवस्तुको विवरण	आकार/ प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मुलुक/राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा बिक्री मूल्य (MRP)	कैफियत

पैठारीकर्ताको नामः स्थायी लेखा नः

ठेगानाः फोन नंः

नोट :

१) यो सूचना नेपाली राष्ट्रिय दैनिकमा प्रकाशन गर्नुपर्नेछ ।

२) फन्ट साईज कम्तीमा नेपाली युनिकोडको १२ प्वाईन्ट बराबर हुनुपर्नेछ ।

अनुसूची–४

दफा २१ सँग सम्बन्धित

लागत सूची (Cost Sheet) को ढाँचा

A&B Company

Particulars	Quantity	Rate	Total	Remarks
CIF CUSTOM POINT				
CUSTOM EXCISE & DUTY				
CLEARING/FORWARDING CHARGE				
INSURANCE				
FREIGHT CUSTOM POINT-TO-DESTINATION				
LOAD UNLOAD COST				
MARKETING EXPENSES				
SELLING & DISTRIBUTION COST				
SALARY/WAGES				
ADMINISTRATION COST				
BANK INTEREST				
PROMOTIONAL EXPENSES				
WAREHOUSE RENT				
OTHER MISCELLANEOUS EXPENSES				
PROFIT				
VAT				
IMPORTER SELLING PRICE				
DEALER/WHOLESALER PURCHASING PRICE (excluding VAT)				
WAREHOUSE RENT				
STAFF SALARY AND WAGES				
SELLING AND DISTRIBUTION EXPENSES				
ADMINISTRATIVE EXPENSES				
OTHER MISCELLANEOUS EXPENSES				
PROFIT				
VAT				
DEALER/WHOLESALER SELLING PRICE				
RETAILER PURCHASING PRICE (excluding VAT)				
WAREHOUSE RENT				
STAFF SALARY AND WAGES				
SELLING AND DISTRIBUTION EXPENSES				
ADMINISTRATIVE EXPENSES				
OTHER MISCELLANEOUS EXPENSES				
PROFIT				
VAT				
RETAILERS SELLING PRICE/MAXIMUM RETAIL PRICE (MRP)				

भन्सार मुल्याङ्कन निर्देशिका, २०६८ परिमार्जन गर्न गठित कार्यदल

श्री आनन्द काफ्ले, उपमहानिर्देशक, सुधार तथा व्यवस्थापन महाशाखा, भन्सार विभाग	संयोजक
श्री राम प्रसाद रेग्मी, निर्देशक, जोखिम व्यवस्थापन शाखा, भन्सार विभाग	सदस्य
श्री पुण्य विक्रम खड्का, निर्देशक, भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा, भन्सार विभाग	सदस्य
श्री गणेश प्रसाद अर्याल, निर्देशक, वर्गीकरण तथा पुनरावलोकन शाखा, भन्सार विभाग	सदस्य
श्री मनिराम पौडेल, निर्देशक, नीति तथा महसुल शाखा, भन्सार विभाग	सदस्य
श्री प्रतिष्ठा कोइराला, शाखा अधिकृत, भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा, भन्सार विभाग	सदस्य सचिव

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार मूल्याङ्कन तथा पुनरावलोकन शाखा

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. ०१-५९१७१२४

इमेलः valuation@customs.gov.np

वेबसाइटः www.customs.gov.np